# Research Journal

**A Peer Reviewed Multidisciplinary Journal**
**Vol. X, No. 1, December, 2025**
**DOI URL: http://dx.doi.org/10.3126/rj.v10i1.93031**





# समावेशीकरणको कसीमा नेपालको संविधान


[१]श्यामप्रसाद फूएल, [२]केशवराज पौडेल, [३]भोजराज आचार्य

[१] राजनीतिशास्त्र शिक्षा केन्द्रिय विभाग, किर्तिपुर, त्रिभुवन विश्वविद्यालय

[२]राजनीतिशास्त्र शिक्षा केन्द्रिय विभाग, किर्तिपुर, त्रिभुवन विश्वविद्यालय

[३] राजनीतिशास्त्र शिक्षा विभाग, महेन्द्र बहुमुखी क्याम्पस, ताहाचल काठमाण्डौ, त्रिभुवन विश्वविद्यालय



***Article Info***

***Article History***
Received: March 20, 2025
Reviewed: May 21, 2025
Accepted: May 30, 2025
Published: Dec 30, 2025

*शब्दकुञ्जी*

समावेशीकरण, समानता, मौलिक अधिकार, वहिष्करण, प्रतिनिधित्व



## लेखसार

राज्य सञ्चालनको प्रमुख आधार र नागरिकको हक अधिकार र दायित्वलाई स्पष्ट ढङ्गले परिभाषित गर्ने सम्बन्धित मुलुकको मूल कानुन नै संविधान हो । यो राजनैतिक र सहमतिय दस्तावेज पनि हो । जनतामा रहेको सार्वभौमसत्ता र राजकीयसत्ताको आधार पुष्टि गर्ने सर्वोच्च कानुन संविधान हो । यसले शासनको स्वरूप र सरकारका अधिकार एवम् सिमाको निर्धारणमा समेत मद्दत पुऱ्याउँदछ । संविधान निर्माणको सबैभन्दा लोकतान्त्रिक विधि संविधान सभाबाट निर्मित नेपालको पहिलो संविधान नेपालको संविधान (२०७२) मा समावेशीता सम्बन्धी व्यवस्थाको अध्ययन विश्लेषण गर्नु यो लेखको पहिलो र महत्वपूर्ण उद्देश्य हो । अर्को उद्देश्य भनेको समावेशीताको अवधारणा र कार्यान्वयनमा देखा पर्ने अवरोधहरूको खोजविन गर्नु हो । समावेशीताको अवधारणा र कार्यान्वयनमा देखा पर्न सक्ने जटिलता विश्लेषणका लागि यस सम्बन्धी लेख, रचना, जर्नलमा प्रकाशित कृति, पुस्तक लगायतलाई द्वितीयक स्रोतको रूपमा लिइएको छ भने नेपालको संविधन (२०७२) मा समावेशीता सम्बन्धी भएको व्यवस्थालाई उजागर गर्ने प्रयत्न गरिएको छ । संविधानमा भएको व्यवस्थालाई सहज र प्रभावकारी ढङ्गले कार्यान्वयनमा लग्नका लागि यस सम्बन्धी अवधारणात्मक अस्पष्ट हटाउँदै दृढइच्छा शक्तिका साथ अघि बढ्नका लागि लेखले अभिप्रेरित गरेको छ । नीति निर्माण र कार्यान्वयन तहमा रहनेले बढी जिम्मेवार ढङ्गले प्रस्तुत भई दृढइच्छा शक्तिका साथ समावेशीकरणको मुद्दालाई प्रभावकारी ढङ्गले कार्यान्वयनमा लगेमा दिगो शान्तिको मार्गलाई भेटाउन सकिने निष्कर्ष अघि सारिएको छ ।

**समावेशीकरणको कसीमा नेपालको संविधान**

राज्यको उत्पत्तिको सम्बन्धमा दार्शनिकहरूले अलग अलग विचार सार्वजनिक गरे पनि यो मानव जीवनका लागि निर्माण भएर असल एवम् सर्वोत्कृष्ट जीवनका लागि अस्तित्वमा रहेकोमा चाहिँ उनीहरू सामान्यतः सहमत देखिन्छन् । राज्य निर्माणको शुरुको अवस्थामा शासक र शासित बीचको दुरी निकै चौडा थियो । नेतृत्व चयन र शासन सञ्चालन सम्बन्धमा रुढिवादी मतहरू नै हावी हुने गर्दथे । राजनीतिक लगायत क्षेत्रमा निश्चित पहुँचवाला व्यक्तिहरूको मात्र प्रतिनिधित्व रहने गर्दथ्यो । जन्मदै कोही शासक र बाँकी अन्य शासितको अवस्थामा रहने अवस्था थियो । यस्तो अवस्थाले नीतिनिर्माण तह लगायतमा सबैको साँचो प्रतिनिधित्व नभएको मात्र होइन अपहेलित अवस्थामा रहन बाध्य बनाएको अवस्था थियो । यस्ता विभेदहरू विश्वव्यापी रूपमा देखिए । विभिन्न राजनैतिक र सामाजिक आन्दोलनहरूले समावेशीकरणको मुद्दालाई विश्वव्यापी बनाउन मद्दत पुग्यो । हिजो आज लोकतन्त्रको मूल्याङ्कन समावेशीताको कसीमा राखेर गर्ने गरिन्छ (पाण्डे, २०६५) यसले विविधतालाई उचित सम्मान गर्दै सबैको प्रतिनिधित्वलाई सुनिश्चित गर्दछ । समावेशीकरणले खाली राजनैतिक प्रतिनिधित्व मात्र होइन उत्पादनका साधन र आर्थिक वितरणमा केही सीमित व्यक्तिको प्रभावलाई न्यूनीकरण गर्ने मनसाय राखेको हुन्छ ।

मुलुक विकासोन्मुख होस् या धनी, एकाधिकारवादी शासन प्रणाली अवलम्ब्न गरेको होस् या लोकतान्त्रिक शासन प्रणाली अवलम्बन गरेकोमा समेत राज्य व्यवस्थाको निर्णायक शक्तिको रूपमा समाजका केही टाठाबाठा व्यक्ति वा व्यक्ति समूह वा अभिजात वर्गले आफूमा केन्द्रिकृत गरेको पाइन्छ । लोकतान्त्रिक मुलुकहरूमा राजनैतिक अभ्यासले पर्याप्त स्थान ओगटे पनि मुलुकको स्रोत साधनको उपयोगमा सीमित व्यक्तिहरूको प्रभाव नै माथि देखिन्छ । अझ पछिल्लो समयमा केही अभिजात वर्गले राजनैतिक प्रणाली र आर्थिक क्षेत्रलाई आफ्नो अनुकूल सञ्चालनमा ल्याउने अभ्यास शुरु भएको देखिन्छ (फूएल, २०८०'क') । प्रजातान्त्रिक शासन प्रणाली तथा राजनैतिक स्वतन्त्रताले मात्र समावेशी समाजको परिकल्पना गर्न सकिन्न । समावेशी समाज निर्माणका लागि राजनैतिक, आर्थिक, सांस्कृतिक, सामाजिक लगायत कारणले थिचोमिचो वा वहिष्कृरणमा परेका सबैलाई राज्य व्यवस्थाको मूल प्रवाहमा प्रवाहीकरण गर्ने नवीन र बृहत्त दृष्टिकोण नै समावेशीकरण हो । सार्वजनिक मामलामा सबैको हिस्सेदारी र अपनत्वको भावना सिर्जना गर्ने यसको प्रमुख ध्येय हुने गर्दछ । राज्यको उत्पत्ति र कार्यलाई मानव कल्याणसँग जोड्न थालियो । कुनै पनि राज्यको उद्देश्य समावेशीकरण मुलुकका सम्पूर्ण

नागरिकहरूको सर्वोत्तम जीवनका लागि हमेशा प्रयत्नशील रहँदै हमेशा उनीहरूको सुख समृद्धिका लागि चिन्तनशील र प्रयत्नशील रहनु हो (जोशी, २०५७)।

नेपालमा राणा विरोधी आन्दोलनले सफलता प्राप्त गरे पछि लोकतन्त्रको स्थापना हुन गयो। विभिन्न उतारचढाव बीच अहिले नेपाली समाज सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अभ्यास गरिरहेको छ। नेपाली जनताको ७० औँ दशकको चाहना अनुरूप संविधान सभाबाट निर्मित नेपालको संविधान (२०७२) लाई समावेशीकरणको नाताले नमूना संविधानको रूपमा लिइन्छ। विगतमा हिन्दूवादी आवरणमा गैह्र हिन्दूवादी जनजातिहरू वहिष्करणमा परेका थिए। दलित, महिला, अल्पसंख्यक लगायत उपेक्षित अवस्थामा थिए। उनीहरूको अस्तित्व र पहिचानलाई राज्य प्रणालीले स्वीकार गरेको अवस्था थिएन। नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को जनयुद्धले सयौँ वर्ष देखि ओझेलमा परेका र राजनीतिको मूलधारबाट कटेका जाति, जनजाति, महिला, अल्पसंख्यक, दलित र उत्पीडित समुदायको आवाजलाई मुखरित हुने वातावरणलाई सहज बनाइ दियो (शिवाकोटी, २०७०)। संविधान निर्माणको सबैभन्दा लोकतान्त्रिक अभ्यासको रूपमा रहेको नेपालको संविधान सभाको बनोट समावेशीताको अनुपम उदाहरणको रूपमा थियो। यही संविधान सभाको निर्वाचन पश्चात नै महिलाको प्रतिनिधित्वलाई ३३ प्रतिशतको साथै अन्य समुदायको उपस्थितिलाई समेत सुनिश्चित गर्ने अभ्यासको प्रारम्भ भएको देखिन्छ। समावेशी चरित्रको संविधान सभाबाट निर्मित नेपालको संविधान (२०७२) ले समावेशीताको मूल मर्म र भावनालाई आत्मसात् गरेको पाइन्छ। संविधानको प्रस्तावना र अन्य भाग तथा धाराहरूले समावेशीताको मुद्दालाई समुचित ढङ्गले सम्बोधन गरेको छ।

**परिसिमा**

समावेशीकरणको अवधारणा, यसमा अन्तर्निहित पक्षहरू, नेपालको सन्दर्भमा समावेशीकरणको विषयलाई नेपालको संविधान (२०७२) मा आधारित भएर अध्ययनलाई परिसिमित गरिएको छ।

**उद्देश्य**

यस आलेखका उद्देश्यहरू निम्न अनुसार रहेका छन्।

१. समावेशीकरणको अवधारणा र यसका अन्तर्निहित पक्षलाई सतहमा ल्याउन,

२. नेपालको संविधानमा व्यवस्था गरिएको समावेशीकरणसँग सम्बन्धी मान्यतालाई उजागर गर्न।

## अध्ययन विधि

यो लेख गुणात्मक प्रकृतिको हुनुको साथै यसमा वर्णनात्मक र विश्लेषणात्मक विधिको अवलम्बन गरिएको छ । द्वितीय स्रोतमा आधारित अध्ययन भएको हुनाले आलेखमा पुस्तकालयीय प्रक्रियालाई अवलम्बन गरिएको छ ।

## प्रस्तुतीकरण र विश्लेषण

समाजको प्रतिबिम्ब नीतिनिर्माण तहमा प्रतिबिम्बित हुनु पर्दछ भन्ने मान्यता नै समावेशीताको आधारभूत चरित्र अन्तर्गत पर्दछ । समावेशीकरणलाई लोकतन्त्रको नवीन आयमको रुपमा लिइन्छ । समावेशीताले लोकतान्त्रिक प्रणालीलाई कसी लगाउने र मूल्याङ्कन गर्ने आधार प्रदान गर्दछ (फूएल, २०८०'ख') । सिधा अर्थमा समावेशीकरणले सबैलाई समेट्नु भन्ने हुन्छ तर  समावेशीताको मान्यताले राजनीतिक र आर्थिक पक्षलाई मात्र आत्मबोध गरेको हुँदैन यसले त सामाजिक तथा सांस्कृतिक रूपान्तरणको अवस्थालाई समेत मुखरित गर्दछ । समतामूलक समाज निर्माणको खाका यसले प्रस्तुत गर्दछ । समावेशीताले लोकतान्त्रिक प्रणालीलाई व्यवहारबाट परीक्षण गर्दछ । शक्ति, सुविधा र अवसरको केन्द्रिकरण नभई निक्षेपीकरणमा विश्वास राख्दछ । समावेशीताले जनताको स्वतन्त्रता, जीवन र सुखको लागि राजनीतिक व्यवस्थाले काम गर्नुपर्ने मान्यता अघि सार्दछ । लोकतान्त्रिक विधिको सम्मान र अवलम्बन गर्दै जाति, जनजाति, लिङ्ग, धर्म, सम्प्रदाय, भाषाभाषी, वर्ग, संस्कृति, क्षेत्रीयता लगायत आधारमा विभेद नगरी सबैको शक्ति र यथार्थताको सम्मान र कदर गर्दै नीतिनिर्माण तहमा, रोजगारीको क्षेत्रमा, स्रोत साधन र सुविधाको समुचित र समन्यायिक वितरणको भाव समावेशीतामा अन्तर्निहित रहेको हुन्छ । समानहरुका बीचको समानतालाई काम व्यवहारमा उर्तानका लागि पनि विभेद र असमान अवस्थालाई समान स्तरमा पुऱ्याउनु पर्दछ जसलाई समावेशीकरणको प्रमुख र महत्वपूर्ण उद्देश्य मानिन्छ ।

### समावेशीताका अन्तर्निहित पक्षहरू

समावेशीतालाई राजनीतिक प्रतिनिधित्वको रूपमा मात्र बुझ्न हुन्न । यो त राजनीतिक, आर्थिक, सामाजिक, शैक्षिक, धार्मिक, सांस्कृतिक लगायतको समुचित प्रतिनिधित्व र समन्यायिक वितरण र उपयोगको साझा विषय हो । समावेशीताले आदिवासी जनजाति, दलित, महिला, सिमान्तकृत समूह लगायत उपेक्षित समूह तथा समुदायका महत्वपूर्ण मागलाई सम्बोधन गर्ने अभिष्ट राख्नु पर्दछ (भट्टचन, सन् २००५) । समावेशीताले मानिस माथि मानिसको विशेषाधिकार प्रभुत्व र एकलौटी अवस्थालाई उन्मूलन गर्ने लक्ष्य लिएको

हुन्छ । यसले पर्यावरणीय लोकतन्त्रको समेत वकालत गर्दछ । यसले प्राकृतिक संसारमाथि एकाधिकार र आधिपत्य जमाउने मानवीय प्रयासको उन्मूलनको परिकल्पना अघि सार्दै समाज र प्रकृतिको बीचमा साझेदारी र सन्तुलन कायम गर्ने वातावरण निर्माणमा हमेशा मद्दत पुऱ्याउँदछ । यो मान्यताले पृथ्वीलाई नै साझा फूलबारीको रूपमा प्रस्तुत गर्दछ । यसर्थ वर्तमान समयमा समावेशीता विश्वव्यापी साझा मुद्दा बन्न गएको छ । नेपालमा २०७९ सालको आम निर्वाचनको समयमा नेपालका प्रमुख राजनीतिक दल नेपाली काङ्ग्रेस, नेकपा (एमाले) र नेकपा ( माओवादी केन्द्र) ले जारी गरेको घोषणापत्र लगायतको अध्ययन विश्लेषण गर्दा समावेशीतामा अन्तर्निहित पक्षहरूलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

***राजनैतिक समावेशीकरण***

वर्तमान समयमा प्रत्यक्ष लोकतन्त्रलाई अभ्यासमा ल्याउन विभिन्न कारणले गाह्रो छ । नागरिकहरूले आफ्ना प्रतिनिधि मार्फत शासन सत्तामा सहभागी बन्ने गर्दछन् । राजनीतिले अन्य सबै नीतिहरुलाई प्रभावित र निर्देशित गर्ने हुनाले राजनीतिमा आम नागरिकको प्रभावकारी उपस्थितिको अपेक्षा गरिन्छ ।

समावेशी लोकतन्त्रमा बहुमतको सर्वेसर्वा र अल्पमत थिचोमिचोमा रहने अवस्था रहन्न । अल्पमतको पनि प्रतिनिधित्व र सम्मानको अवस्था रहन्छ । कानुन निर्माण र कार्यान्वयन लगायत राजनैतिक निर्णयहरू आफ्ना प्रतिनिधिबाट नै नागरिकहरूले गर्ने गर्दछन् । कुनै पनि बाहनामा कसैलाई पनि मतदान गर्न, अपिल गर्न, उम्मेद्वार बन्न र निर्वाचित हुने कार्यमा बाधा व्यवधान खडा गरिन्न । अल्पसंख्यकहरूको पनि समुचित प्रतिनिधित्वको सुनिश्चितता रहन्छ । समाजको प्रतिबिम्ब व्यवस्थापिकामा देखा पर्दछ । आमजनताको सक्रिय सहभागिता वा समर्थन बिना कुनै पनि कार्यक्रमले अपेक्षित परिणाम प्राप्त गर्न सक्दैन ।

***आर्थिक समावेशीकरण***

राजनैतिक अधिकारहरूको निर्विवाद उपयोगका लागि आर्थिक पक्ष सबल हुनु पर्दछ । आर्थिक सवलताले अन्य पाटा पक्षलाई सकरात्मक प्रभाव पार्दछ भने विपरित अवस्थाले नकरात्मक असर पुऱ्याउँदछ । आर्थिक समावेशीकरणले स्रोत साधन र सुविधाहरूको समुचित र समन्यायिक वितरणको अवस्थालाई जनाउँदछ । बृहत्त रूपमा आय व्ययको जानकारी, अर्थ व्यवस्थाको परिचालन नागरिकको नियन्त्रणमा, उत्पादन, वितरण, उपभोग, लगानी, वैज्ञानिक आविष्कारको समुचित प्रयोग लगायत आर्थिक विषय र क्षेत्रसँग सम्बन्धित विषयमा

सामुहिक निर्णयको अधिकार आर्थिक समावेशीकरण अन्तर्गत पर्दछ । सामाजिक अर्थतन्त्रको मेरुदण्ड भनेको राजनीतिले आर्थिक नीतिको तर्जुमा, श्रमिकहरूलाई सामाजिक सौदाबाजीको सुनिश्चितता, उत्पादनका साधन, विनियोजन र वितरणमा सहकार्यको अधिकारहरूलाई प्राथमिकतामा राखी काम गर्नु पर्दछ (दाहाल, २०६६) ।

***सामाजिक समावेशीकरण***

सामाजिक सद्भावले यसको विकास र गतिशीलतालाई अगुवाई गर्ने गर्दछ । कसैको प्रभुत्वमा सामाजिक सद्भाव पाउन सकिन्न् । सामाजिकीकरणले युक्त संस्कारित नागरिकले मात्र लोकतन्त्रको मर्म र भावनालाई जीवन पद्धतिमा उपयोगमा ल्याउन मद्दत पुऱ्याउँछन् । सहज सामाजिक सहभागिताले नागरिकको व्यक्तित्व र चरित्र निर्माणमा मद्दत पुऱ्याउँदछ । यस मान्यताले सीमासहित स्वतन्त्रताको उपयोगको लागि नागरिकलाई प्रेरित गर्दछ । सामाजिक र राजनीतिक प्राणीको रूपमा प्रस्तुत गर्दछ । समाजप्रति जिम्मेवारी र दायित्व एवम् कर्तव्यले युक्त नागरिकको रूपमा रूपान्तरण हुन मद्दत गर्दछ । घर परिवार, कार्यरत संस्था, शैक्षिक सङ्घ संस्था लगायत संस्थाहरूलाई आम नागरिकहरूको निर्णय र सहमति अनुसार सञ्चालनको अधिकार प्रदान गरिनु पर्दछ । विविधताको व्वयस्थापन अहिंसात्मक उपायहरूको अवलम्बनबाट खोजिनु पर्दछ ।

***पर्यावरणीय समावेशीकरण***

पृथ्वी मानव लगायत प्राणीको साझा थलो हो । सबैले स्वच्छ र प्राकृतिक वातावरणमा जीउन पाउनु पर्दछ । विकास निर्माण र प्रविधिको विकास गर्दा भावी पुस्तालाई ख्याल गरी अघि बढ्नु पर्दछ । पर्यावरणीय समावेशीकरणले प्राकृतिक संसारलाई आफ्नो अधिनमा ल्याउन खोज्ने मानवीय प्रयासको खिलाफमा आफूलाई प्रस्तुत गर्दछ । प्रकृतिलाई संरक्षण गर्दै यस्ता गतिविधिलाई अघि बढाउनु पर्ने मान्यता र नवीन सोच अघि सार्दछ ।

***पहिचान, पहुँच र प्रतिष्ठासँग सम्बन्धित समावेशीकरण***

भाषा र संस्कृति एक दोस्रोसँग अन्तरसम्बन्धित हुन्छन् । भाषा र लिपिसँग मानिसको पहिचान र भावनात्मक पक्ष जोडिएको हुन्छ । भाषाको असर शिक्षा, रोजगारी लगायत विषयमा पर्दछ । यसर्थ समावेशीकरणको मान्यताले पहिचानलाई निषेध गरेर नभई सहअस्तित्व र सबैको सम्मानबाट प्राप्त गर्ने परिकल्पना अघि सार्दछ । यहाँ विविधता बीच सम्मानजनक एकता र सहअस्तित्वलाई अघि सार्ने काम हुन्छ । पहिचानको सम्बोधन, संरक्षण, विकास र सम्मानका विषयलाई सँगसँगै अघि सार्ने गरिन्छ । समावेशीकरणले

जातजाति, भाषाभाषी, लिङ्ग, धर्म, सम्प्रदाय, क्षेत्र, वर्ग, समुदाय बीच समान ढङ्गले पहुँच सुनिश्चितताको प्रतिबद्धतालाई अघि सार्ने गर्दछ । सबैको स्वतन्त्रताको समान उपयोग, कानुनको शासनको प्रत्याभूति, बञ्चितिकरणमा परेका समुदायलाई समता मार्फत समानता प्राप्तिको लागि हरसम्भव उपायहरूको अवलम्बनको अवस्था रहन्छ । प्रत्येक व्यक्तिलाई भाषा, संस्कृति, धर्म, परम्परा मूल्य मान्यताको संरक्षण, सम्बर्द्धन र हस्तान्तरणको सुनिश्चितता प्रदान गर्दै व्यक्तिको प्रतिष्ठालाई सम्मान गर्ने काम समावेशीकरण अन्तर्गत पर्दछ ।

***सांस्कृतिक समावेशीकरण***

संस्कृतिलाई मुलुकको पहिचानको आधार र अमूल्यनीधिको रुपमा लिइन्छ । जुन मुलुकले सांस्कृतिक सम्पदाको संरक्षण गर्दछ त्यहाँको राष्ट्रिय भावना बलियो हुनाको साथै मुलुकको शक्ति आर्जनमा समेत यसले मद्दत पुऱ्याउँदछ । मुलुक कुनै एउटा संस्कृतिको पक्षधरताको रुपमा प्रस्तुत भयो भने त्यो मुलुकको लागि दुर्भाग्यपूर्ण अवस्था हुन जान्छ । यसर्थ राज्यले सांस्कृतिक धरोहरप्रति कहिले पनि उपेक्षा भाव राख्न हुन्न । नेपाल बहुसांस्कृतिक मुलुक भएको हुनाले यहाँ विविधिताबीच एकता खोज्नु पर्ने हुन्छ । नेपाल सांस्कृतिक सम्पदाको हिसाबले अत्यन्त समृद्ध भएको हुनाले नेपालको वर्तमान संविधानले आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सम्पदा र सभ्यता लगायतको संरक्षण र सम्बर्द्धनका लागि विभिन्न अधिकारहरु प्रदान गरिएको छ । सबैको चाडपर्व संस्कार संस्कृतिलाई उचित स्थान र अवसर प्रदान गर्दै विभिन्न तहका पाठ्यक्रमहरुमा समावेशीकरणसँग सम्बन्धित विषयलाई महत्वपूर्ण स्थान प्रदान गरिएको छ ।

***प्रादेशिक समावेशीकरण***

राज्यको आफ्नो निश्चित भूभाग भए पनि सबै भूभागको बनोट र अवस्थिति समान खालको हुँदैन । राज्यले अवस्थितिलाई आधार मानेर अलग वा उपेक्षित व्यवहार गर्न मिल्दैन । भूभागको अवस्थितिलाई ख्याल गर्दै स्रोत साधन र सुविधाको वितरण न्यायोचित ढङ्गले गर्नु पर्दछ । यदी भूभाग माथि राज्यले दोस्रो दर्जाको व्यवहरा गऱ्यो भने त्यो त्यहाँ बस्ने नागरिक माथिको अपमान हुन जान्छ । सन्तुलित र समान विकासका लागि राज्यले ध्यान दिनु पर्दछ । प्रकृति र संस्कृतिको संरक्षण गर्दै प्रविधिको प्रयोगमा राज्यले ध्यान पुऱ्याउनु पर्दछ । यस्ता क्षेत्रहरुमा राज्यले विशेष पहल र लगानी अभिवृद्धिमा ध्यान पुऱ्याउनु पर्दछ । नेपालको संविधानले पिछडिएको क्षेत्रको विकासका लागि विशेष व्यवस्था गर्ने नीति अवलम्बन गरेको छ ।

***लैङ्गिक समावेशीकरण***

लिङ्गका आधारमा हुने गरेका विभेदहरु सभ्य समाजका लागि कलंकका विषयहरु हुन् । लिङ्गका आधारमा सहभागिता, अवसर, पहुँच, अधिकार लगायत विषयहरुमा बञ्चित हुनु पर्ने अवस्थाको निर्माण नहोस् भन्ने मूल मक्सद नै लैङ्गिक समावेशीकरणको मान्यता हो । तथापि हाम्रो परम्परा, मूल्य मान्यता, धार्मिक अन्धविश्वास, राज्यको नीति लगायत कारणले पछि परेका पारिएका महिलाहरुमा पुरुष सरहको क्षमता, योग्यता र सशक्तिकरणको विकास हुन सकेको पाइन्न । नेपालको संविधानले लिङ्गको आधारमा विभेद नगरिने मात्र होइन सकरात्मक विभेदको नीति मार्फत समावेशीकरणको मान्यतालाई अघि बढाएको छ । समता मार्फत समानता र समावेशीकरणको विषयलाई अघि बढाएको छ । अहिलेसम्मको व्यवहारले लैङ्गिक विभेदको अन्त्यका लागि संवैधानिक वा कानुनी प्रबन्ध मात्र पर्याप्त हुँदैन, हाम्रो काम व्यवहार र मानसिकतामा समेत परिवर्तन आवश्यक देखिन्छ । समावेशीताको बहसलाई व्यापक बनाइनु पर्दछ ।

***जातीय समावेशीकरण***

हरेक मुलुकमा कुनै न कुनै रुप वा प्रकृतिको जातीय विभेदहरु देख्न पाइन्छ । कतिपय मुलुकमा यस्ता विभेदहरु अत्यन्त क्रुर र भयावह रुपमा देखा पर्ने गरेका छन् । कतिपय मुलुकहरु जातीय विभेदको शिकार र जातीय द्वन्द्वको चपेटामा परेका अनेकन दृष्टान्तहरु पाउन सकिन्छ । नेपालले नेपालराज्य सबैको साझा फूलबारी बनाए पनि राज्यको विगतको नीतिले जातीय विभेदको अवस्थालाई उक्साएको पाइन्छ । मूलतः शासन सत्ता, रोजगारी लगायत क्षेत्रमा बाहुन क्षेत्रीहरुको बाहुल्यता, हिनदूधर्मको आवश्यक दबदबा, ब्राह्मणवाद हावी लगायतले जानीनजानी जनजाति समूह माथि गुप्त र खुल्ला प्रकृतिका अन्यायहरु सहनु पर्ने अवस्था थियो । यसरी नीतिनिर्माण, शिक्षा, रोजगारी लगायतमा सीमित आधिपत्य रहेको तर अन्य समुदायहरु यस्ता अवसरहरुबाट काटिएको तथ्याङ्कले देखाउँछ । यसर्थ वर्तमान संविधानले जातीय विभेद, अन्याय लगायतको अन्त्यका लागि सकरात्मक विभेद मार्फत समावेशीकरणको ढोकालाई खुल्ला हृदयले अघि बढाएको छ ।

**नेपालको संविधान (२०७२) र समावेशीकरण**

संविधान हरेक मुलुकको सर्वोच्च शासकीय दस्तावेज हो । देशको मूल कानुन भएको नाताले यसलाई राज्यशक्तिको मार्गचित्रको रूपमा लिइन्छ । यसले सरकारको स्वरूप, शक्ति, विभिन्न अङ्गहरू बीचको काम, कर्तव्य तथा शक्तिको विभाजन र सुसम्बन्धलाई आकार प्रदान गर्ने गर्दछ । सरकारको लक्ष्य, नागरिक र जनताबीचको सम्बन्धको खाका समेत प्रस्तुत गर्दछ (श्रेष्ठ, २०७२) । संविधान राज्य सञ्चालनको आधारभूत

सिद्धान्तको दस्तावेज हो । संविधान जनताको इच्छाको राजनैतिक दस्तावेज हो । संविधानले जनताको सार्वभौमिकतालाई स्वीकार गर्दछ र संविधानवादको मान्यता अनुरूप नागरिकका अधिकार र स्वतन्त्रतालाई संवैधानिक सुनिश्चितता प्रदान गर्दछ । संविधान निर्माणको प्रमुख लक्ष्य भनेको नै जनताका आधारभूत हक अधिकारहरूलाई सुनिश्चितता र सम्मान प्रकट गर्दै उनीहरूको जीवन, स्वतन्त्रता र सुखको प्रत्याभूतिका लागि आवश्यक पर्ने हक अधिकार र स्वतन्त्रताको संरक्षणको प्रत्याभूत दिलाउनुसँग सम्बन्धित छ (दाहाल, २०८०) ।

नेपालमा अन्य मुलुकको तुलनामा संवैधानिक विकासको इतिहास त्यति लामो छैन । राजनैतिक विकासको दृष्टिले हेर्दा र विश्लेषण गर्दा नेपालको इतिहास नौलो खालको छ । लोकतन्त्रको यात्रा अझ चाखलाग्दो टेडोमेडो देखिन्छ । लोकतन्त्र र निरङ्कुशताले लुकामारी गर्दै नेपालको राजनीति अघि बढेको देखिन्छ । नेपालमा लोकतन्त्र स्थापना हुन्छ फेरी लामो समय पछि निरङ्कुशताले रजाई गरेको देखिन्छ । प्रश्न स्वभाविक ढङ्गले उठ्ने गर्दछ कि नेपालमा किन पटक पटक राजनैतिक आन्दोलन हुने गर्दछ ? यसको स्वभाविक र व्यावहारिक उत्तर भनेको राजनैतिक स्वतन्त्रता र समावेशीकरणको प्रश्न नै टड्कारो रूपमा देखा पर्दछ । सबै तहमा समानुपातिक र समावेशी प्रतिनिधित्वको सुनिश्चितता, बञ्चितिकरणमा परेका समुदायलाई सामाजिक न्याय, मुलुकको स्रोत साधन र सुविधाको औचित्यपूर्ण वितरण, पहिचानको सम्मान र मर्यादित जीवनका लागि आर्थिक समृद्धिका न्यूनतम आधारहरूको खोजीमा समावेशीताको मूल मर्म र भावना लुकेको पाइन्छ ।

नेपालमा भएका विभिन्न समयका राजनैतिक आन्दोलनले राजनीतिक विषयलाई प्राथमिकतामा राख्दै आएकोमा नेकपा (माओवादी) को १० वर्षे सशस्त्र विद्रोहको जगमा सञ्चालित २०६२/०६३ को आन्दोलनले विगतमा भन्दा समावेशीकरणको मुद्दालाई मुखरित बनायो । यो आन्दोलनलाई नेपालको इतिहासमा एउटा आमूल परिवर्तनकारी ऐतिहासिक परिघटनाको रूपमा लिइन्छ । शोषित पीडित अल्पसख्यक समुदायको दबिएको आवाजलाई सतहमा ल्याउने काम यस आन्दोलनले गरेको थियो । नेपालको अन्तरिम संविधान २०६३ ले नेपालमा राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक लगायत कारणले बहिष्करणमा परेका समुदायका असन्तुष्टिलाई यथोचित ढङ्गले सम्बोधन गर्ने प्रयास गरेको थियो । यही संविधानको व्यवस्था अनुसार संविधान निर्माणको सबैभन्दा लोकतान्त्रिक विधि संविधान सभाको माध्यमबाट संविधान निर्माणको कार्य अघि बढेको हो । समावेशीकरणको विषयलाई नेपालको वर्तमान संविधानले निम्न अनुसार व्यवस्था गरेको पाइन्छ ।

संविधानको प्रस्तावनाको शुरुको हरफमा 'हामी सार्वभौमसत्ता सम्पन्न नेपाली जनता' भन्ने वाक्यले सबैको मान सम्मान र प्रतिष्ठालाई उच्च आदरभाव राखेको सम्भन्नु पर्दछ। विगतमा अग्रगामी परिवर्तनका लागि भएका सबै गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै पीडित नागरिकलाई सम्मान गर्ने कुराले समावेशीताको जगलाई बलियो ढङ्गले प्रस्तुत गर्न खोजेको देखिन्छ। विगतको राज्य प्रणालीले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै आर्थिक समानता, समृद्धि र सामाजिक न्यायलाई सुनिश्चित गर्ने हेतुले समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तलाई आधार मान्दै समतामूलक समाज निर्माणको परिकल्पना प्रस्तावनाले अघि सारेको छ। समतामुलक समाज निर्माणको सङ्कल्पले समावेशीतालाई यथोचित स्थान मिलेको मान्नु पर्दछ। यस्तो व्यवस्थाले आम नागरिकको सशक्तिकरणमा मद्दत मिल्ने अपेक्षा गर्न सकिन्छ। दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षाको विषयले समावेशीकरणको मुद्दालाई अझ सशक्त ढङ्गले प्रस्तुत गर्न मद्दत मिलेको छ।

संविधानको धारा २ मा सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा निहित रहने विषयले सबैको आत्मसम्मानको अभिवृद्धिमा सहयोग पुग्ने छ। धारा ३ मा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त, भौगोलिक विविधतामा रहेका समान आकांक्षा बोकेका राष्ट्रिय स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान रही एकताको सुत्रमा आवद्ध सबै नेपाली जनतालाई समष्टिमा राष्ट्र अन्तर्गत समेटिएको हुनाले सबैको सहभागिता र क्रियाशीलतालाई जोड दिएको हुनाले समावेशीताको मुद्दाले प्राथमिकता पाएको देखिन्छ। धारा ४ मा धर्मनिरपेक्ष, समावेशी, समाजवाद उन्मुख सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको व्यवस्थाले समावेशीताको मर्मलाई आत्मसात् गरेको स्पष्ट हुन्छ। समाजवादले राज्यको भावी आर्थिक नीतिलाई प्रभावित तुल्याउने हुनाले यसले आर्थिक समावेशीकरणको मान्यतालाई स्वीकार गर्ने परिकल्पना अघि सार्न सकिन्छ। धारा ६ मा नेपालमा बोलिने सबै मातृभाषालाई राष्ट्र भाषाको रूपमा स्थान प्रदान गरिएको छ। धारा ७(१) मा देवनागरी लिपिमा लेखिने नेपाली भाषालाई नेपालको सरकारी कामकाजको भाषा हुने उल्लेख छ। धारा ७(२) प्रदेश सभाले नेपाली भाषाका अतिरिक्त सम्बन्धित प्रदेशभित्र बहुसंख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्र भाषालाई प्रदेश कानुन बमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्ने प्रावधान छ। यस व्यवस्थाले भाषागत समावेशीकरणलाई सुनिश्चितता प्रदान गरेको देखिन्छ।

संविधानको धारा १२ मा लैङ्गिक पहिचान सहितको नागरिकता प्राप्त गर्न सकिने व्यवस्था छ। धारा १६ देखि ४५ सम्म मौलिक अधिकार सम्बन्धी व्यवस्थामा समावेशीता सम्बन्धित अनेकन व्यवस्थाहरू छन् । धारा १६ मा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुने उल्लेख छ। धारा १७(१) मा व्यक्तिको वैयक्तिक स्वतन्त्रतालाई कानुन बमोजिम बाहेक बञ्चित नगरिने उल्लेख छ। धारा १७(२) को 'क' देखि 'च' सम्म विचार अभिव्यक्ति देखि लिएर पेशा व्यवसाय सञ्चालन गर्ने सम्मका विभिन्न प्रकृतिका स्वतन्त्रताहरूको बारेमा उल्लेख छ। यस्ता स्वतन्त्रताहरूको उपयोग गर्दा मुलुकको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधिनता वा सङ्घीय एकाइ वा विभिन्न जातजाति, धर्म, सम्प्रदायबीचको सुसम्बन्धमा खलल पर्ने, जातीय भेदभाव वा छुवाछुतलाई दुरुत्साहन गर्ने, श्रमप्रति अवहेलना गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कुरामा मनासिव प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको नमानिने उल्लेख छ। धारा १८ मा समानताको हक अन्तर्गत १८(१) मा कानुनको दृष्टिमा सबै नागरिक समान हुने साथै कसैलाई पनि कानुनको समान संरक्षणबाट बञ्चित नगरिने व्यवस्था छ। १८(२) मा सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, जातजाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगरिने उल्लेख छ। धारा १८(३) मा नागरिकहरूबीच माथि उल्लेखित आधारमा कुनै पनि निहुँमा विभेद नगरिने उल्लेख गर्दै तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएको महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असाहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तिकरण र विकासका लागि कानुन बमोजिम विशेष व्यवस्थाका लागि रोक नलगाइने व्यवस्थाले समावेशीताका लागि मद्दत पुग्ने अपेक्षा गर्न सकिन्छ। १८(४) र (५) मा क्रमशः समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव नगरिने र पैतृक सम्पत्तिम लैङ्गिक भेदभाव विना सबै सन्तानको समान हकको व्यवस्थाले समावेशीताका लागि आधार प्रदान गर्ने नै छ।

धारा २४(१), (२), (३), (४) मा छुवाछुत तथा भेदभाव विरुद्धसँग सम्बन्धित हकहरू प्रदान गरिएको छ। २४(५) मा माथिका विभिन्न धाराको प्रतिकूल हुने गरी भएका सबै प्रकारका छुवाछुत तथा भेदभाव जन्य कार्यलाई गम्भीर सामाजिक अपराधको रूपमा कानुन बमोजिम दण्डनीय हुने साथै त्यस्ता कार्यबाट पीडित

व्यक्तिलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हकलाई सुनिश्चितता प्रदान गरिएको छ । धारा २६(१) मा प्रत्येक व्यक्तिलाई आफ्नो आस्था अनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने गरी धार्मिक, स्वतन्त्रताको हक प्रदान गरिएको छ । धारा २९ मा शोषण विरुद्धको हकको व्यवस्था छ । २९(१) मा प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुने छ । २९(२) मा धर्म, प्रथा, परम्परा, संस्कार प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै पनि किसिमको शोषण गर्न नपाइने उल्लेख छ । २९(३) मा कसैलाई पनि बेचविखन गर्न, दास वा बाँधा बनाउन नपाइने । २९(४) मा उसको इच्छा विरुद्ध कसैलाई काममा लगाउन नपाइने व्यवस्था छ । धारा ३० मा स्वच्छ वातावरणको हक सम्बन्धी व्यवस्था छ । ३०(१) मा प्रत्येक व्यक्तिलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकलाई सुनिश्चितता प्रदान गरिएको छ । ३०(२) मा वातावरण प्रदूषण वा ह्रासबाट हुने क्षतिवापत पीडितलाई प्रदूषकबाट कानुन बमोजिम क्षतिपूर्तिको हक रहने विषयले सबै नागरिकलाई स्वच्छ वातावरण निर्माण गर्ने दायित्व र जिम्मेवारी राज्यको रहने देखिन्छ ।

धारा ३१ मा शिक्षा सम्बन्धी हक अन्तर्गत ३१(१) मा सबै नागरिकलाई आधारभूत शिक्षामा पहुँच रहने उल्लेख छ । ३१(२) आधारभूत तह (१-८) सम्मको शिक्षा सबैको लागि अनिवार्य र निःशुल्क तथा माध्यमिक तह (९-१२) सम्मको शिक्षा निःशुल्क पाउने हकलाई सुनिश्चितता प्रदान गरिएको छ । ३१(३) मा आर्थिक रूपले विपन्न तथा अपाङ्ग व्यक्तिलाई कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक रहने व्यवस्था छ । ३१(४) मा फरक क्षमता भएका व्यक्तिका लागि आवश्यक शैक्षिक सामग्री र (५) मा कानुन बमोजिम प्रत्येक नेपाली समुदायलाई मातृभाषामा शिक्षा पाउने, विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हकलाई सुनिश्चितता प्रदान गरिएको छ । धारा ३२ मा भाषा तथा संस्कृतिको हक अन्तर्गत ३२(१) मा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोगको हकलाई सुनिश्चित गरिएको छ भने ३२(२) ले सांस्कृतिक जीवनमा सहभागी बन्न पाउने हकको बारेमा उल्लेख छ । ३२(३) ले प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण, सम्वर्द्धन र हस्तान्तरणको हकलाई व्यवस्थित गरिएको छ । धारा ३५ स्वास्थ्य सम्बन्धी हकको बारेमा व्यवस्था छ । ३५(१) मा सबैको लागि आधारभूत स्वास्थ्य सेवा निःशुल्क, ३५(२) सबैलाई स्वास्थ्य उपचारको सम्बन्धमा सुसूचित हुन पाउने, ३५(३) सबैलाई स्वास्थ्य सेवामा समान पहुँचको हक, ३५(४) सबै नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा समान पहुँचको हक रहने उल्लेख छ । धारा ३६ मा खाद्य सम्बन्धी हक अन्तर्गत ३६(१) मा प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक रहने उल्लेख छ । ३६(२) मा खाद्य

वस्तुको अभावमा जीवन जोखिममा पार्ने अवस्थाबाट सुरक्षित रहने, (३) मा कानुन बमोजिम प्रत्येक नागरिकलाई खाद्य सम्प्रभुताको हक रहने उल्लेख छ। धारा ३७ मा आवासको हक अन्तर्गत (१) मा प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुने उल्लेख छ।

धारा ३८ मा महिलाको हकको बारेमा उल्लेख छ। ३८(१) मा सबै महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुनेछ, ३८(२) सबै महिलालाई सुरक्षित मातृत्व र प्रजनन् सम्बन्धी हक, (३) मा महिला विरुद्ध कुनै पनि रूप र प्रकृतिको हिंसाजन्य कार्य वा शोषण गर्न नपाइने गरे दण्डनीय हुने र पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हकलाई सुनिश्चितता प्रदान गरिएको छ। ३८(४) राज्यका सबै निकायमा महिलालाई समावेशी समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी बन्न पाउने विषयलाई सुनिश्चितता प्रदान गरिएको छ। ३८(५) मा महिलालाई स्वास्थ्य, शिक्षा, रोजगारी र सामाजिक सुरक्षामा सकरात्मक विभेद मार्फत विशेष अवसर प्रदान गरिने, ३८(६) मा सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पत्तिको समान हकलाई सुनिश्चितता प्रदान गरिएको छ। धारा ३९ मा बालबालिकाको हक, धारा ४० मा दलितको हक, धारा ४१ मा ज्येष्ठ नागरिकको हक, धारा ४२ मा सामाजिक न्यायको हक धारा ४३ मा सामाजिक सुरक्षाको हक लगायत व्यवस्थाले समावेशीकरणको मुद्दालाई यथोचित ढङ्गले सम्बोधन गरेको पाइन्छ।

संविधानको भाग ४ धारा ५० र ५१ मा क्रमशः राज्यका निर्देशक सिद्धान्त र नीतिहरूमा समावेशीताको सिद्धान्तलाई आङ्गिकार गरिएको छ। धारा ५१ को 'ञ' मा सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिलाई विभिन्न १४ बुँदा उल्लेख गरिएको छ। जसमा असहाय अवस्थामा रहेका एकल महिलालाई जीविकोपार्जनका लागि सीप, क्षमता र योग्यता लगायतको आधारमा रोजगारीमा प्राथमिकता दिने, जोखिम परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनःस्थापना, संरक्षण, सशक्तिकरण गरी स्वाबलम्बी बनाउने, प्रजनन्का लागि आवश्यक सेवा सुविधा प्रदान गर्ने, बालबच्चाको पालनपोषण, परिवारको हेरचाह लगायत अनुत्पादक कामलाई आर्थिक ढङ्गले मूल्याङ्कन गर्ने, बालबालिकाको सर्वोत्तम हितलाई प्राथमकितामा राखी काम व्यवहार गर्ने, मुक्त कमैया, हरवा, चरवा, कम्हलरी, हलिया, भूमिहीन, सुकुम्बासीहरुको पहिचान गर्दै उपयुक्त बसोबासका लागि घडेरी र कृषि कर्मका लागि खेतीयोग्य जमिन, रोजगारी लगायत आय आर्जनको व्यवस्था गर्ने, राष्ट्रिय विकासमा युवा सहभागिताका लागि हरसम्भव सबै उपायहरुको अवलम्बन गर्ने, आदिवासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बाच्नका लागि आधारहरुको सुनिश्चितता प्रदान गर्दै

उनीहरुको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई सम्मान गर्दै तिनीहरुको संरक्षण, सम्बर्द्धन र आधुनिकीकरण गर्दै अघि बढ्ने, अल्पसंख्यक समुदायको अधिकारलाई सुनिश्चित गर्ने, मधेशी समुदाय, मुस्लिम र पिछडा वर्गलाई लाभको समान वितरण गर्दै उनीहरुलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार प्रदान गरिने, उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, विकास, सशक्तिकरण र आधारभूत आवश्यकता प्राप्तिका लागि प्रयत्नशील रहने, सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्नका लागि सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकतामा राख्ने लगायत व्यवस्थाले समावेशी सम्बन्धी मान्यतालाई उच्च प्राथमिकतामा राखेको देखिन्छ ।

धारा ५५ मा सिद्धान्त र नीतिसँग सम्बन्धित विषय कार्यान्वयन भए नभएको सम्बन्धमा अदालतमा प्रश्न उठाउन नसकिने भनिएता पनि धारा ४९ ले राज्य सञ्चालनको मार्ग निर्देशक सिद्धान्तको रूपमा रहने र कार्यान्वयनका लागि राज्यले स्रोत साधन उपलब्ध गराउन सक्ने ४९(२) को व्यवस्थाले व्यवस्थापिका र कार्यपालिका यस तर्फ जिम्मेवार ढङ्गले प्रस्तुत हुनु पर्ने देखिन्छ । धारा ७० मा राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिङ्ग वा समुदायको हुने, धारा ७६(९) मा समावेशी सिद्धान्तको आधारमा मन्त्रिपरिषदको गठन, धारा ८२(२) मा समानुपातिक निर्वाचन प्रणालीको अवलम्बनको साथै सबैको प्रतिनिधित्वलाई सुनिश्चितता प्रदान गर्नुपर्ने, सङ्घीय र प्रादेशिक संसदमा कम्तिमा ३३ प्रतिशत महिलाको उपस्थितिलाई सुनिश्चित गर्नुपर्ने, पालिकाको प्रमुख र उपप्रमुख मध्ये कम्तिमा एक जनामा महिलाको प्रतिनिधित्व गराउनु पर्ने बाध्यात्मक संवैधानिक प्रबन्धले समावेशीताको अवस्थालाई उजागर गर्दछ । यसरी केन्द्र देखि वडासम्म महिलाको उपस्थितिलाई सुनिश्चितता प्रदान गरिएको छ ।

संविधानको भाग २७ धारा २५२ देखि २६४ सम्म विभिन्न प्रकृतिका ७ वटा अन्य संवैधानिक आयोगहरूको बारेमा व्यवस्था छ । जसमा राष्ट्रिय महिला आयोग (धारा २५२), राष्ट्रिय दलित आयोग (धारा २५५), राष्ट्रिय समावेशी आयोग (धारा २५८), आदिवासी जनजाति आयोग (धारा २६१), मधेशी आयोग धारा (२६२), थारु आयोग (धारा २६३) र मुस्लिम आयोग (धारा २६४) को व्यवस्था छ । माथि उल्लेखित विभिन्न आयोगहरूले तत्तत् क्षेत्र र विषयका समस्याहरूको पहिचान, अध्ययन र अनुसन्धान गरी सरकारलाई सिफारिस गर्ने मुलभूत कार्य भएको हुनाले समावेशीताको विषयलाई अझ सशक्त र प्रभावकारी बनाउने कुरामा दुई मत रहन्न । संविधानको धारा २६९(४) 'ग' मा राजनीतिक दलको विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको

विविधतालाई सम्बोधन वा प्रतिबिम्बित गर्ने गरी समावेशी चरित्रलाई ख्याल गर्नुपर्ने व्यवस्थाले समावेशीताको विषयलाई गम्भीर बनाएको छ ।

निजामति सेवा ऐन, २०४९ को तेस्रो संशोधन (२०६४) ले निजामति सेवालाई समावेशी बनाउने हेतुले खुल्ला प्रतियोगिताद्वारा परिपूर्ति हुने पदलाई ४५ प्रतिशतमा छुट्याई सोलाई शतप्रतिशत मानी निम्न अनुसार आरक्षण प्रदान गरिएको पाइन्छ ।

**तालिका १**

*आरक्षण विवरण*

| क्र.सं. | समूह | प्रतिशत |
|---|---|---|
| १ | महिला | ३३ प्रतिशत |
| २ | आदिवासी जनजाति | २७ प्रतिशत |
| ३ | मधेशी | २२ प्रतिशत |
| ४ | दलित | ९ प्रतिशत |
| ५ | अपाङ्ग | ५ प्रतिशत |
| ६ | पिछडिएको क्षेत्र | ४ प्रतिशत |

पिछडिएको क्षेत्र अन्तर्गत अछाम, कालिकोट, जाजरकोट, जुम्ला, हुम्ला, मुगु, बाजुरा, बझाङ र डोल्पा सहितका ८ जिल्लालाई मानिन्छ ।

**समावेशीकरणलाई व्यवहारिक ढङ्गले कार्यान्वनयमा ल्याउन आइपर्ने चुनौतिहरू**

समाजमा दबिएर रहेको सीमान्तकृत समूहलाई राज्यको राजनैतिक प्रणालीले समान व्यवहार र थप टेवा प्रदान गर्दै प्रतिनिधित्व र अन्य सेवा सुविधा प्रदानको सुनिश्चितता प्रदान गर्नु नै समावेशीकरणको अवस्था हो । सन्तुलित प्रतिनिधित्व र सहभागितापूर्ण दृष्टिले मात्र समावेशी राज्यको चरित्रलाई सम्बोधन गर्न सक्दछ । यस्तो मान्यताले सबै जातजाति, भाषाभाषी, धर्म, वर्ग, लिङ्ग, र क्षेत्रका जनतालाई राज्यप्रति आफ्नो जिम्मेवारी, दायित्व एवम् अपनत्वका लागि अन्तरमन देखि अभिप्रेरित गर्दछ । समावेशीकरणको सहज ढङ्गले कार्यान्वयनमा अनेकन अल्झनहरू देखा पर्दछन् । महत्वपूर्ण केही चुनौतिहरूमा समावेशीकरण सम्बन्धी अवधारणात्मक समस्यालाई पहिलो समस्याको रूपमा लिन सकिन्छ । विगतको अभ्यासले हाम्रो दिमागमा घर गरिरहेको हुनाले ठोस ढङ्गले कार्यान्वयनमा जान गाह्रो भइरहेको अवस्था छ । विगतको मानसिकता र

चिन्तनलाई फराकिलो र आधुनिक ढङ्गले प्रस्तुत गर्न सक्नु पर्छ । संस्थागत संरचना र इच्छा शक्ति कमजोर हुनु अर्को चुनौति हो । समान लिङ्ग, जाति र क्षेत्रबीच पनि सम्पन्नता र विपन्नता अर्को समस्याको रूपमा देखिएको छ । राज्यको आर्थिक अवस्था, दृढ भावना, पुरानो मानसिकता, व्यवस्थापकीय समस्या, सामाजिक सांस्कृतिक समस्या, विश्वव्यापीकरणको असर लगायत कारणले समावेशीताको मान्यता अनुरूप कार्यान्वयनमा लग्न चुनौतिहरू देखापर्न गएका छन् । जसरी मुलुकको पछिल्लो परिवर्तनमा सबैको सहभागिता र हिस्सेदारी रह्यो त्यसैगरी यसको प्रयोग र कार्यान्वयनमा सबैको उपस्थिति सम्मानजनक रुपमा देखिनु पर्दछ । समावेशीकरण कसैको विपक्षमा छैन भन्ने साझा बुझाईको निर्माण गर्नु पर्दछ । यस सम्बन्धी अवधारणात्मक अस्पष्टतालाई घटाउँदै राज्यका संरचनाहरूलाई त्यही ढङ्गले विकसित गर्दै कार्यान्वयनमा प्रभावकारी ढङ्गले अघि बढ्नु नै सबैको लागि श्रेयष्कर हुने देखिन्छ ।

## निष्कर्ष

लोकतान्त्रिक तथा संवैधानिक प्रक्रियाबाट जनताको भावना अनुसार अग्रगामी राजनैतिक, आर्थिक, सामाजिक रूपान्तरणका लागि समय समयका राजनैतिक आन्दोलनले केही न केही टेवा पुऱ्याउँदै आएको पाइन्छ । नेपालको विगतको राजनैतिक प्रणाली र संविधानले समावेशीताको प्रश्नलाई यथोचित ढङ्गले सम्बोधन गर्न सकेको पाइन्न । नेकपा (माओवादी) को १० वर्षे सशस्त्र संघर्ष र २०६२/०६३ को १९ दिने आन्दोलनले पहिचान, प्रतिनिधित्व, स्रोत साधनको वितरण, अधिकारको निपेक्षण लगायत विषयलाई मुखरित गरी दियो । नेपाल अधिराज्यको संविधान २०४७ मा समावेशीताको मुद्दालाई केही घुमाउरो पाराले सम्बोधन गर्न खोजिएको थियो भने नेपालको अन्तरिम संविधान २०६३ ले यसलाई अझ फराकिलो ढङ्गले प्रस्तुत गऱ्यो । समावेशीताको अनुपम नमुनाको रूपमा रहेको संविधान सभाबाट निर्मित नेपालको संविधान (२०७२) ले समावेशीकरणका विषयलाई व्यापक ढङ्गले व्यवस्था गरेको पाइन्छ । यसले सबैको पहिचान, अपनत्व, मूल्याङ्कन र उपस्थितिलाई सुनिश्चितता प्रदान गरेको छ । संविधान सभाको समावेशीकरणसँग सम्बन्धी व्यवस्थाले राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक, भाषिक, क्षेत्रीय लगायत  दृष्टिले भिन्न समाजका सबै जनसमुदायलाई राज्य सञ्चालनका सबै क्षेत्रमा प्रवेशको मार्गलाई चौडा बनाएको छ । समाजमा भएको व्यवस्थाले शासन व्यवस्थामा सीमित वर्ग, समुदाय, जनजाति, पुरुष र क्षेत्रका व्यक्तिहरूको मात्र सहभागिता रहन्छ भने पुरानो मान्यता र सोचलाई खण्डित गर्दै समाजको प्रतिबिम्बको रूपमा व्यवस्थापिका, कार्यपालिका र सरकारका अन्य संयन्त्रलाई

खडा गरिदिएको छ । पहिचान, सम्मान, अपनत्व, सामाजिक सुरक्षाको हक, स्रोत साधनको वितरणमा औचित्यतता, आरक्षण लगायतको प्रबन्धले समावेशीताको मान्यतालाई संविधानको प्रावधानले पूर्ण रूपमा स्वीकारेको स्पष्ट हुन आउँछ । नेपालको संविधानमा भएको समावेशीकरण सम्बन्धी व्यवस्थाले विविधताको स्वीकृति र सम्मान, समता मार्फत समानताको प्राप्ति, पहुँच योग्यता र सशक्तिकरणको अभिवृद्धि, शिक्षा र जागरुकता एवम् एकआपसमा सहयोगको सिद्धान्तलाई आधार मान्दै यस सम्बन्धी व्यवस्थालाई थप कसिलो र भरपर्दो बनाएको छ । संविधानले जातजाति, महिला, दलित, पिछडिएको क्षेत्र, अपाङ्गता, सीमान्तकृत समुदाय लगायतका प्रमुख मुद्दा र विषयलाई अघि सारेको छ । संविधानमा समावेशीता सम्बन्धी गरिएको व्यवस्थालाई थप प्रभावकारी ढङ्गले कार्यान्वयनमा लग्न मद्दत मिलोस् भन्ने हेतुले नेपालका प्रमुख राजनीतिक दलहरू नेपाली कांग्रेस नेकपा (एमाले) र नेकपा ( माओवादी केन्द्र) ले आम निर्वाचन २०७९ ताका सार्वजनिक गरेको घोषणापत्रमा यसको अवधारणा र दलको दृष्टिकोणलाई सार्वजनिक गरेका छन् । यस्ता दृष्टिकोणले कार्यान्वयनमा थप सहजता थप्ने सहज अनुमान लगाउन सकिन्छ । नेपाल सरकार समावेशीकरणको विषयलाई कार्यान्वयन ल्याउनका लागि कताकता अलमलमा परेको जस्तो देखिन्छ । यसका कारणहरूको खोजी गर्दै संविधानमा भएको प्रबन्ध अनुरूप सहज कार्यान्वयनका लागि सम्बन्धित सबै पक्षको ध्यान जानु आवश्यक छ । वर्गीय, जातीय, भाषिक, धार्मिक, लैङ्गिक, क्षेत्रीय असन्तुलन लगायत कारणबाट पिछडिएको समुदायभित्र पनि अलग अलग हैसियत, क्षमता र स्तरको व्यक्तिहरु हुने हुनाले अवसर दिँदा अवसरबाट बञ्चित सीमान्तकृत समुदायलाई त्यसको पहिलो हकदार बनाइनु पर्दछ । समावेशीकरण कमाइ खाने भाँडो बन्नु हुन्न । एउटै समुदायभित्रका पनि अवसरबाट कटिएका वर्गीय समावेशीकरणको मान्यतालाई नवीन मान्यताको रुपमा अघि सार्दै कार्यान्वयनमा लग्नु पर्दछ । समावेशीकरणले वास्तविकताको प्रतिनिधित्व गराउन सक्नु पर्दछ । समाजले देख्दा पनि पत्याउने व्यवहार गरियो भने मात्र समावेशीकरणको मर्म र भावनालाई सबैले आत्मदेखि नै स्वीकार र सम्मान गर्न सक्दछन् । पिछडिएको क्षेत्रलाई अपमान र खिस्सिटयुरी गर्दा त्यहाँ बस्ने नागरिकको मनोविज्ञानमा नकरात्मक असर पर्दछ भन्ने हेक्का सबैले राख्नु पर्दछ । नीति निर्माणमा रहनेहरु यस दिशामा बढी संवेदनशील र जिम्मेवार ढङ्गले प्रस्तुत हुनु पर्दछ । यसको प्रभावकारी कार्यान्वयनले हाम्रो आन्तरिक एकतालाई अझ बलियो बनाई दिगो शान्ति प्राप्तिमा मद्दत पुग्ने अपेक्षा गर्न सकिन्छ । उनीहरु दृढ इच्छा शक्तिको साथ प्रस्तुत हुनु पर्दछ ।

## सन्दर्भसामग्री


जोशी, कृष्ण (२०५७), *सार्वजनिक प्रशासन,* काठमाडौं : रत्नपुस्तक भण्डार ।

दाहाल, काशीराज (२०६६), *आधुनिक राज्य निर्माण र संविधानको अन्तरविषयवस्तु,* काठमाडौं : फ्रेडरिक ईबर्ट स्टिफ्टुङ्ग ।

दाहाल, रामकुमार (२०८०), *नेपालको राजनीति,* काठमाडौं : लुम्बिनी प्रकाशन ।

नेपालको अन्तरिम संविधान (२०६३), काठमाडौं : नेपाल कानुन आयोग ९च्भतचष्भखभम ाचफ धधधाबिधअयकष्ककष्यलानयखालउा० ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले), (२०७९), *नेपाल कम्युनिष्ट पार्टी एमालेको घोषणापत्र,* प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९, काठमाडौं : प्रचार विभाग ।

नेपाल कम्युनिष्ट (माओवादी केन्द्र), (२०७९), *प्रतिबद्धतापत्र,* प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९, काठमाडौं : प्रचार विभाग ।

नेपाली काङ्ग्रेस (२०७९), *नेपाली काङ्ग्रेसको सङ्कल्प,* प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९, काठमाडौं : प्रचार विभाग ।

नेपाल सरकार (२०७२), *नेपालको संविधान २०७२,* काठमाडौं : कानुन किताब व्यवस्था समिति ।

पाण्डे, सुदर्शनराज (२०६५), *लोकतान्त्रिक संविधानका आधारहरू,* काठमाडौं : सारथी अध्ययन तथा अनुसन्धान केन्द्र ।

पोखरेल, कृष्ण (२०७४), *नेपालको शासन र प्रशासन,* काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

फूएल, श्यामप्रसाद (२०८०'क'), *राजनीतिशास्त्रको आधार,* काठमाडौं : आस्था फूएल ।

फूएल, श्यामप्रसाद (२०८०'ख'), *सार्वजनिक मूल्य तथा राजनैतिक व्यवस्थापन,* काठमाडौं : आज्ञा फूएल ।

भट्टचन, कृष्णबहादुर (सन् २००१), *समावेशी प्रजातन्त्रका सम्भावित मोडल र प्रक्रिया,* काठमाडौंः सोसल साइन्स बहाः ।

शिवाकोटी, गोपाल (२०७०), *पहिचान र दर्शनको सङ्कटमा नेपाली राजनीतिक व्यवस्था,* काठमाडौं : पैरवी प्रकाशन ।

श्रेष्ठ, अमन (२०७२), *संवैधानिक विकासक्रम तथा नेपालको संविधान (२०७२),* काठमाडौं : राष्ट्रिय सूचना मञ्च ।

साधना प्रतीक्षा (२०२९) ले नेपाली साहित्यमा कथाकार तथा समालोचकको परिचय बनाएकी छिन् । उनीद्वारा रचित 'अदृश्य जुकाहरू' कथा मधुपर्कको पूर्णाङ्क ६६५ मा प्रकाशित छ । प्रतीक्षाले यस कथामा नारीसमस्या प्रस्तुत गरेकी छिन् । उनले प्रतिरोधी चेतनामार्फत पितृसत्ताको प्रभुत्व विरुद्ध नारीमा मुक्तिका निम्ति प्रतिप्रभुत्व निर्माण हुने सन्दर्भ उठान गरेकी छिन् । प्रतीक्षाले पुरुषको भोगवादी मानसिकतालाई लैङ्गिक हिंसाको कारणका रूपमा चिनाएकी छिन् । पितृसत्तात्मक सङ्कथनको प्रयोग गरी पुरुषसत्ताले नारीद्वारा निर्मित प्रतिप्रभुत्व निस्तेज पारेर प्रभुत्व विस्तार गर्ने उनको ठम्याइ छ । यस कथामा प्रतीक्षाले लैङ्गिक प्रभुत्व निर्माणको प्रक्रिया तथा लैङ्गिक प्रभुत्वको अवस्था उद्घाटन गरेकी छिन् । उनको कथालाई लिएर गरिएको अनुसन्धानमा लैङ्गिक प्रभुत्व निर्माणको प्रक्रिया तथा प्रभुत्वको अवस्था सम्बद्ध विषय सम्बोधन भएको पाइँदैन । यसै प्राज्ञिक रिक्ततालाई दृष्टिगत गरी प्रस्तुत अध्ययनमा प्रतीक्षाको 'अदृश्य जुकाहरू' कथामा लैङ्गिक प्रभुत्व निर्माणको प्रक्रिया तथा प्रभुत्वको अवस्थालाई मुख्य समस्याका रूपमा चयन गरिएको छ । लैङ्गिक प्रभुत्व निर्माणको प्रक्रिया तथा प्रभुत्वको अवस्था विश्लेषण गरी 'अदृश्य जुकाहरू' कथामा अभिव्यक्त नेपाली समाजका नारीको अवस्था अनुशीलन गर्ने उद्देश्यमा केन्द्रित प्रस्तुत अध्ययनमा प्रभुत्व निर्माणको प्रक्रिया, प्रभुत्वको अवस्था तथा प्रभुत्व र प्रतिप्रभुत्वका बिचको द्वन्द्वलाई विश्लेषणको मानदण्डका रूपमा प्रयोग गरी नेपाली समाजका नारीको अवस्था विश्लेषण गरिएको छ । यस अध्ययनमा पितृसत्ताका कारण अधीनस्थ बन्न पुगेका नेपाली नारीको अवस्था परिशीलन गरिएको छ । प्रभुत्व निर्माणको प्रक्रिया, प्रभुत्वको अवस्था तथा प्रभुत्व र प्रतिप्रभुत्वका बिचको द्वन्द्वजस्ता प्रभुत्व सम्बद्ध विषयलाई विश्लेषणको आधार बनाई 'अदृश्य जुकाहरू' कथामा अभिव्यक्त लैङ्गिक प्रभुत्वको विश्लेषण तथा मूल्याङ्कनमा अध्ययनलाई केन्द्रित गरी यस अध्ययनको सीमाङ्कन गरिएको छ । लैङ्गिक प्रभुत्वका अन्य सूचकलाई अध्ययनमा समावेश नगर्नु यस अध्ययनको सीमा हो । पितृसत्ताको प्रभुत्वमा परेका नेपाली समाजका नारीको अवस्था निरूपण नै प्रस्तुत अध्ययनको औचित्य तथा उपादेयता बन्न पुगेको छ ।

## अध्ययनको विधि

प्रस्तुत अध्ययनमा साधना प्रतीक्षाको 'अदृश्य जुकाहरू' कथालाई प्राथमिक सामग्रीका रूपमा प्रयोग गरिएको छ । सांस्कृतिक प्रभुत्वको सैद्धान्तिक पृष्ठाधारमा रही लैङ्गिक प्रभुत्व विश्लेषणको मानदण्ड निर्माण गर्नका निम्ति प्रभुत्वसँग सम्बन्धित शोधग्रन्थ, लेख, समीक्षा र समालोचनालाई द्वितीयक सामग्रीका रूपमा प्रयोग गरिएको छ । यसमा उद्देश्यमूलक नमुना छनोट विधिको प्रयोग गरी सामग्री सङ्कलनको माध्यम पुस्तकालयकार्यलाई बनाइएको छ । कथामा अभिव्यक्त नेपाली समाजको लैङ्गिक प्रभुत्व अनुशीलन गर्नका लागि कथाविश्लेषणको आधार तयार पारिएको छ । यस अध्ययनलाई पूर्णता दिन प्रभुत्व निर्माणको प्रक्रिया, प्रभुत्वको अवस्था तथा प्रभुत्व र प्रतिप्रभुत्वका बिचको द्वन्द्वलाई विश्लेषणको मानदण्डका रूपमा चयन गरी विश्लेष्य कथामा अभिव्यक्त प्रभुत्व निर्माणको प्रक्रिया तथा प्रभुत्वको अवस्था विश्लेषण गरिएको छ । अर्थापनको प्रक्रिया निगमनात्मक रहेको प्रस्तुत अध्ययनमा विश्लेष्य कथाको सूक्ष्म पठनपछि विश्लेषणका लागि चयन गरिएका मानदण्डको प्रयोग गर्दै विश्लेषणात्मक पद्धतिसमेत अनुसरण गरी कथामा चित्रित नेपाली समाजका नारीको अवस्था निरूपण गरिएको छ ।

**लैङ्गिक प्रभुत्वको सैद्धान्तिक पर्याधार**

प्रभुत्व शक्तिसम्पन्नले कमजोरमाथि नियन्त्रण कायम गर्ने प्रक्रिया हो । शक्तितर्फको आकर्षण प्राकृतिक नियम हो । यही नियमबाट मानवीय स्वभाव निर्देशित भएको पाइन्छ । यस्तो स्वभावका पृष्ठभूमिमा मानव जातिले आफू शक्तिसम्पन्न बन्ने अनि कमजोरमाथि हैकम जमाउने संस्कृति विकास गरेको छ । यो गुण प्राणीमा पनि विकास भएको देखिन्छ । गौतम (२०७५) ले सहमति मिलाएर शासन गर्नु नै हैकम हो भनेका छन् ( पृ. ९४) । सहमतिका माध्यमबाट प्रभुत्व हासिल गरी अधीनस्थ वर्गमाथि प्रभुत्वशाली वर्गले शासन गर्दछ । समाजको विकाससँगै प्रभुत्वमा राजनीतिक चरित्र अन्तर्घुलन हुँदै गएको हो । प्रभुत्वले अल्पसङ्ख्यक शासक वर्गले बहुसङ्ख्यक शासित वर्गमाथि लाद्ने सामाजिक अधिकार र नेतृत्वलाई सङ्केत गर्दछ । यो दबाबभन्दा बढी सहमतिद्वारा आर्जन गरिने विषय हो । यसले शक्तिशाली सामाजिक समूहले स्थापित गरेको सत्यको तात्पर्यलाई बहन गरेको हुन्छ (ज्ञवाली, २०७३, पृ. ४६) । प्रभुत्व आफ्नो प्रभावलाई जीवन्त बनाइराख्न गरिने प्रयत्न हो । प्रभुत्व कायम गर्न आर्थिक, राजनीतिक, सांस्कृतिक, नैतिकजस्ता पक्षलाई उपकरणका रूपमा प्रयोग गरिन्छ । ग्राम्सीलाई उद्धृत गर्दै Jhonson (2007) ले प्रभुत्व सांस्कृतिक राजनीतिको विषय मात्र नभएको धारणा राखेका छन् । उनले संस्कृतिलाई मात्र माध्यम बनाएर शासन गर्न सम्भव नहुने बताएका छन् । ग्राम्सीको विचार

अघि बढाउने क्रममा जोन्सनले संस्कृति शासक वर्ग वा मुक्तिको खोजी गर्नेहरूसँग सम्बन्धित हरेक क्रियाकलापमा प्रवेश गर्छ भनेका छन् । उनले प्रभुत्व आर्थिक सम्बन्धको सामर्थ्यसँग जोडिएको विषय पनि हो भन्ने ग्राम्सीको मान्यतामा सहमति जनाएका छन् (p. 99) । जोन्सनले प्रभुत्व सम्बन्धी ग्राम्सीको अभिमत प्रस्तुत गरी प्रभुत्व निर्माणको प्रक्रियाको विवेचना गरेका छन् । ग्राम्सीले सहमति र गठबन्धनमा जोड दिएका छन् । उनले नेतृत्वविनाको वर्चस्वलाई प्रभुत्वविनाको तानाशाही भनेका छन् । प्रभुत्वको अभ्यास सामाजिक समूहले आफ्नै समूहभित्र गर्दछ (घर्ती, २०८१, पृ. ३६) । प्रभुत्व हासिल गर्नका निम्ति शक्तिको ग्रहण तथा अभ्यासमा जोड दिइन्छ ।

प्रभुत्वशाली वर्गले निर्माण गरेको प्रभुत्व दमन र शोषणका रूपमा प्रकट हुने गर्दछ । वर्गीय, जातीय तथा लैङ्गिक रूपमा शोषण र दमन गर्नका निम्ति प्रभुत्व कायम गरी शक्तिको अभ्यास गरिन्छ । लैङ्गिक प्रभुत्व लिङ्गलाई आधार बनाई प्रभावमा राखेर शासन गर्ने मान्यता हो । यसमा लिङ्गका कारण हुने सबै प्रकारका विभेदकारी चिन्तन र विचारधाराको विश्लेषण गरिन्छ (भुसाल, २०७८, पृ. १३६) । लैङ्गिक प्रभुत्व वर्गका आधारमा मात्र नभई जातीय आधारमा समेत हासिल गरिने विषय हो । लैङ्गिक प्रभुत्वका सम्बन्धमा रमेशप्रसाद भट्टराई (२०७७) ले लेखेका छन् :

> समाजका विभिन्न संस्थाहरू परिवार, जाति, व्यवस्था, जनजातीयता आदिमा पनि दमन हुन्छ तापनि लैङ्गिक दमन पुरुषले महिलालाई गर्ने दमन नै हो । लैङ्गिक दमन तथा शोषण राजनीतिक र आर्थिक अवधारणा हुन् । ...महिलामाथिको दमन र शोषणका आर्थिक आधार पनि छन् र लिङ्गमा आधारित श्रमशोषणका रूपहरू पनि छन् । पुरुषमाथि आश्रित हुनु र शोषित हुनुपर्ने अवस्थाले पनि महिलालाई शोषित बनाएको छ । यसरी महिलाले आर्थिक, पितृसत्तात्मक, घरेलु श्रम तथा श्रमविभाजनमा हुने श्रमको अत्यधिक चापका कारण शोषित र दमित हुनुपरेको छ । ( पृ. १३६-१३७)

भट्टराईले लैङ्गिक प्रभुत्वको कारण उद्घाटन गरेका छन् । उनले पितृसत्तालाई लैङ्गिक प्रभुत्वको कारणका रूपमा चिनाएका छन् । वर्गीयताका पृष्ठाधारमा नारीमाथि शोषण र दमन हुने गरेको समीक्षा गर्दै उनले श्रमलाई पनि लैङ्गिक उत्पीडनको सूचकका रूपमा विश्लेषण गरेका छन् । मानव जीवनलाई समुन्नत र गतिशील तुल्याउने कार्यमा समान ढङ्गले सहभागी हुने महिला र पुरुषका बिचमा लैङ्गिक विभेदको अवस्था सिर्जना भई पुरुषले आफूलाई शासक र महिलालाई शासित वर्गका रूपमा प्रस्तुत गर्ने विचारधारा निर्माण गरेपछि

समाजमा लैङ्गिक उत्पीडनको अवस्था सिर्जना भएको पाइन्छ (बरई, सन् २०२३, पृ. १७१-१७२) । पितृसत्ताले लैङ्गिक प्रभुत्व निर्माणका निम्ति आधार तयार गर्दछ ।

लैङ्गिक प्रभुत्व निर्माणमा पुरुष हैकमले भूमिका खेल्दछ । पितृसत्तात्मक समाज नै प्रभुत्वशाली पुरुषत्वको उत्पादक हो र यसले परम्परागत लैङ्गिकतालाई सामाजिकीकरण गर्छ । यसका कारण शक्तिमा असमानता सिर्जना हुन्छ र सामाजिक असमानतामा अभिवृद्धि हुन पुग्छ (एटम, २०८०, पृ. ९९) । सामाजिक संरचनामा देखा परेको लैङ्गिक भिन्नताका कारण पुरुषको उपस्थिति प्रभुत्वशाली वर्गका रूपमा हुन्छ, जसले प्रभुत्वलाई गति प्रदान गर्दछ । Budgeon (2013) ले समाजमा लैङ्गिक भिन्नता कसरी कायम गरिन्छ भन्ने विषयलाई व्याख्या गरी सैद्धान्तिक स्वरूप प्रदान गर्ने कार्यमा कोनेलले अग्रसरता देखाएको बताएका छन् । उनले कोनेलको विचार राख्दै शक्तिसञ्चालनको प्रक्रियामार्फत पुरुषत्व र नारीत्वलाई प्रतीकात्मक रूपमा परिभाषित गरी सामाजिक सीमामा बाँधेर राखिने अभिमत प्रस्तुत गरेका छन् । यस्तो प्रक्रियालाई कोनेलले प्रभुत्वशाली पुरुषत्व भनी परिभाषित गरेको बजियनले स्पष्ट पारेका छन् । बजियनका अनुसार, कोनेलले प्रभुत्वशाली पुरुषत्वलाई लैङ्गिक अभ्यासको संरचना भनी विश्लेषण गरेका छन् । पितृसत्ताको वैधता सम्बन्धी समस्यालाई स्वीकार गरी पुरुषको प्रभुत्व र महिलाको अधीनस्थता सुनिश्चित गरिने धारणा राख्दै कोनेलले पितृसत्तालाई लैङ्गिक प्रभुत्वको कारकका रूपमा चिनाएका छन् (p. 322) । पितृसत्तात्मक समाजमा नारीलाई पुरुषसत्ताको प्रभुत्व स्विकार्न बाध्य बनाइन्छ । सामन्तवादी वा पुँजीवादी उत्पादन व्यवस्थायुक्त समाजमा घरभित्र वा घरबाहिर जुनसुकै ठाउँमा नारी भएकै कारणले गरिने शोषण, दमन, अधीनस्थता, हिंसा आदि पितृसत्तात्मक उत्पीडन नै हुन् (शर्मा, २०८०, पृ. ३२) । पुरुषले कायम गरेको प्रभुत्वका पृष्ठाधारमा लैङ्गिक हिंसाको मार्ग निर्माण हुने गर्दछ ।

लैङ्गिक प्रभुत्वको पृष्ठभूमि निर्माणमा पितृसत्ता जिम्मेवार देखिएको छ । पितृसत्तात्मक समाजमा पुरुषहरू सापेक्षित रूपमा महिलाभन्दा बढी शक्तिशाली, बढी इज्जतदार, बढी साधनस्रोतले सम्पन्न भई महिलामाथिको आर्थिक शोषण, सामाजिक विभेद, हिंसा, असम्मान, दमनजस्ता क्रियाकलापमा सरिक हुने गरेको आरोप नारीवादीहरूले लगाउँदै आएका छन् (अर्याल, २०८०, पृ. ३१५) । पुरुषका पक्षमा निर्मित सङ्कथनको बाटो भएर लैङ्गिक उत्पीडनको आधार तयार पारी पितृसत्ताले नारीमाथि शासन गर्ने संयन्त्र निर्माण गर्छ । यसले महिलाको क्षमतालाई आधार बनाएर होइन लिङ्गलाई आधार बनाएर उनीहरूको स्थान निर्धारण गर्दछ । कतिपय विषयमा त यसले महिलालाई बन्देज पनि लगाएको पाइन्छ । पितृसत्ताले पुरुषलाई आर्थिक, सामाजिक,

राजनीतिक, सांस्कृतिकजस्ता पक्षमा बलियो बनाएको छ भने महिलालाई यी सबै पक्षमा कमजोर र आश्रित बनाएको छ (खनाल, २०८०, पृ. ३०-३१) । महिलालाई समाजका हरेक क्रियाकलापमा कमजोर सिद्ध गर्नका निम्ति पितृसत्ताले पुरुष श्रेष्ठताको भाष्य निर्माण गर्दछ । यही भाष्यलाई प्रयोग गरी समाजमा लैङ्गिक प्रभुत्व कायम गरिएको हुन्छ । समाज विकासका क्रममा महिलाको शारीरिक अवस्थालाई लिएर पुरुषहरूले कमजोर सावित गर्दै महिलामाथि विभेद गर्दै आएका छन् । संरचनात्मक हिसाबले सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक आदि विषयमा पुरुषलाई शक्तिशाली र महिलालाई कमजोर प्रमाणित गरी विभेदको सुरुवात भएको पाइन्छ (रिसाल, २०८०, पृ. २) । महिला कमजोर हुन्छन् भन्ने पितृसत्तात्मक सङ्कथनबाट लैङ्गिक प्रभुत्वका लागि वातावरण निर्माण गरिन्छ । समाजमा पितृसत्तालाई प्रभुत्वशाली हैसियतमा स्थापित गर्न लैङ्गिक प्रभुत्वलाई अस्तित्वमा ल्याइन्छ । पितृसत्ताको प्रभावशाली उपस्थिति नै लैङ्गिक प्रभुत्वको अवस्था हो, जसले नारीलाई अधीनस्थ बन्न बाध्य तुल्याएको हुन्छ ।

लैङ्गिक प्रभुत्व नारीमाथि पुरुषसत्ताले कायम गरेको हैकम हो । नारीलाई अधीनस्थ बनाई उनीहरूमाथि शासन गर्न पितृसत्तात्मक सङ्कथनको शासनलाई क्रियाशील बनाउने गरिन्छ । पितृसत्ताद्वारा निर्मित भाष्यका पृष्ठाधारमा लैङ्गिक प्रभुत्वले अस्तित्व प्राप्त गर्दछ । लैङ्गिक प्रभुत्वको अवस्था विश्लेषण तथा मूल्याङ्कमा केन्द्रित प्रस्तुत अध्ययनमा लैङ्गिक प्रभुत्व निर्माणको प्रक्रिया, लैङ्गिक प्रभुत्वको अवस्था तथा लैङ्गिक प्रभुत्व र प्रतिप्रभुत्वका बिचको द्वन्द्वलाई कथाविश्लेषणको मानदण्डका रूपमा प्रयोग गरिएको छ । यिनै मानदण्डका आधारमा विश्लेष्य कथाको विश्लेषण गरी कथामा अभिव्यक्त नेपाली समाजका नारीको अवस्था निरूपण गरिएको छ ।

## सामग्री विश्लेषण : प्राप्ति तथा छलफल

साधना प्रतीक्षाको 'अदृश्य जुकाहरू' शीर्षकको कथा *मधुपर्क*को पूर्णाङ्क ६६५ मा प्रकाशित छ । यस कथामा पितृसत्ताका पृष्ठाधारमा पुरुषसत्ताले नारीमाथि गरेको शोषण र दमनको विषय प्रस्तुत गरिएको छ । यसमा पितृसत्तालाई लैङ्गिक प्रभुत्व निर्माणको कारणका रूपमा चिनाइएको छ । लैङ्गिक प्रभुत्व निर्माणको प्रक्रिया तथा लैङ्गिक प्रभुत्वको अवस्था विश्लेषण तथा मूल्याङ्कनमा केन्द्रित यस अध्ययनमा प्रभुत्व निर्माणको प्रक्रिया, प्रभुत्वको अवस्था तथा प्रभुत्व र प्रतिप्रभुत्वका बिचको द्वन्द्वलाई कथाविश्लेषणको आधारका रूपमा चयन

गरिएको छ । यिनै आधार प्रयोग गरी विश्लेष्य कथालाई निम्नानुसारका उपशीर्षकहरूमा राखी विश्लेषण गरिएको छ ।

**प्रभुत्व निर्माणको प्रक्रिया**

विश्लेष्य कथाको कथानकीय प्रसङ्ग अनुसार, उजेलीको पति वैदेशिक रोजगारीका सिलसिलामा मलेसिया गएको छ । पतिको अनुपस्थितिमा ऊ शारीरिक तथा मानसिक उत्पीडन बेहोर्न बाध्य बनेकी छे । उजेलीको जेठाजुले उसको पतिको अनुपस्थितिलाई अवसरका रूपमा प्रयोग गरी उसलाई यौनशोषण गरेको छ । जेठाजुले आफूप्रति राखेको भोगवादी दृष्टिका कारण उजेली शारीरिक तथा मानसिक रूपमा उत्पीडित बनेकी छे । उसको जेठाजुले उसलाई भोगको साधन बनाएको छ । भाइ मलेसियाबाट फर्किएर आए उजेलीलाई शारीरिक शोषण गर्ने बाटो बन्द हुन्छ भन्ने जेठाजुले बुझेको छ । सुरक्षित वातावरण निर्माण गरी भोगको कार्यलाई नियमित गर्न उसले मलेसियामा भाइलाई चिठी पठाएको छ । चिठीमा उसले उजेलीलाई आफूले बहिनीका रूपमा संरक्षण गरेर राखेको झुटो अभिव्यक्ति प्रस्तुत गरेको छ । उसले भाइलाई दुईचार वर्ष उतै बसी आफ्नो व्यवहार सुधार गरेर मात्र फर्किनु उचित हुने सुझाव दिएको छ । भाइलाई सहमतिका बिन्दुमा उतारेर उसले बुहारी उजेलीलाई शारीरिक शोषण गर्ने बलियो आधार तयार पारेको छ । यस कथामा उजेलीको जेठाजुले उजेलीमाथि आफ्नो बर्चस्व कायम गर्न अपनाएको सहमतीय शैली प्रस्तुत गरिएको छ । आफ्नो दाजुले दिएको सल्लाह मानेर उजेलीको पतिले अझै केही वर्ष विदेशी भूमिमा बस्ने निर्णय गरेको छ । उजेलीका लागि पठाएको चिठीमा उसका पतिले यो कुरा खुलाएको छ । उजेलीलाई पठाएको पत्रमा उसले भनेको छ :

तिमीलाई लाग्दो हो म निष्ठुरी भएँ तर होइन नि । तिम्रो माया उस्तै छ । यहाँ आउँदाको ऋण तिरिसके पनि केही कमाउन सके हाम्रो भविष्य सुखी होला भनेर पसिना बगाउँदै छु । यसपाला घर आउँछु भनेको दाइले 'अब दुईचार वर्षमा एकैचोटि आइज अनि आफ्नो व्यवस्था गरी बस्लास्' भन्नुभयो । कुरो ठिकै पनि लाग्यो । तिमीलाई घरमा सबैले माया गरेर राखेका छन् रे । तिमी पनि त खुसी नै छौ रे । झन् दाइले त तिमीलाई आफ्नै बहिनी सम्झनुहुन्छ रे नि । (पृ. २३)

प्रस्तुत दृष्टान्तमा उजेलीको जेठाजुले उजेलीको शरीरलाई भोग गर्नका लागि तयार पारेको रणनीतिक मार्गचित्र प्रतिबिम्बित छ । आफ्नो भाइ मलेसिया गएको समयलाई अवसरका रूपमा प्रयोग गरी उसले

उजेलीको शरीरमाथि प्रभाव जमाएको छ । उसले साइनो, सम्बन्ध र नातागोताको सांस्कृतिक धरातललाई कुल्चिएर बुहारीलाई यौनशोषण गरेको छ । शोषणको प्रक्रियालाई निरन्तरता दिई उजेलीको शरीरमाथि प्रभाव जमाउने मनसायले उसले भाइलाई विदेशमै रोक्ने उपायको खोजी गरेको देखिन्छ । उजेलीको शरीर उसका पतिको नियन्त्रणमा छ भन्ने मान्यताको पृष्ठभूमि समाती जेठाजुले तत्कालीन सामाजिक संरचनामा उजेलीभन्दा माथिल्लो तहलाई सहमतिका बिन्दुमा उत्रिन बाध्य बनाएको छ । उजेलीको पतिले श्रीमतीको अवस्था तथा उसलाई परेको पीडाका बारेमा खोजी गरेको छैन । उसले दाजुले दिएको सल्लाहलाई भने सरासर स्वीकार गरेको छ । कथामा वर्णित यस प्रसङ्गमा पितृसत्तात्मक संस्कृतिको प्रभावकारी उपस्थिति देखिएको छ । उजेलीको जेठाजुले आफन्त र अभिभावकको सामाजिक धरातलमा टेकी लैङ्गिक शोषणलाई वैधानिकता प्रदान गर्ने प्रयत्न गरेको छ । उसले थालेको लैङ्गिक प्रभुत्वको यात्रा दमनको शैलीबाट विस्तार भई सहमतीय शैलीमा पुगेको छ ।

जेठाजुले नियमित रूपमा यौनशोषण गर्न थालेपछि शारीरिक तथा मानसिक रूपमा विक्षिप्त बनेकी उजेलीले सुरक्षाको बाटो पहिचान गरेकी छे । सुरक्षित बन्ने अभिप्रायले उसले ढोकामा आग्लो लगाउन थालेकी छे । आग्लोलाई माध्यम बनाई उजेलीले प्रतिरोध गरेको बुझेपछि जेठाजुले ऊसँग रिसइबी साँधेको छ । कोदो रोप्न मेलामा गएकी उजेलीलाई उसकी साथीले छोडेर गएपछि उत्पन्न भएको परिस्थितिलाई यस्तो रिसइबी पोख्ने उपयुक्त समयका रूपमा जेठाजुले प्रयोग गरेको छ । उसले उजेलीलाई शोषण गर्न नपाए हली कान्छासित बात लगाई गाउँनिकाला गर्ने चेतावनी दिएको छ । जेठाजुले प्रभुत्व हासिल गर्ने दमनात्मक शैली अनुसरण गरेको देखिन्छ । उसले शोषण गर्न पाउनुपर्ने जिकिर गर्दै उजेलीसमक्ष यस्तो धम्की प्रस्तुत गरेको छ :

ए अब तँ आग्लो ठोकेर सुत्ने भइस् हैन ? सतीसावित्री बन्न खोज्छेस् । रहर मेरो मात्र हो र ? बैंस त तेरो पनि खेरै गएको छ । तेरो पोइ छैन मेरी जोई कामकी छैन । ...तेरो खाँचो म, मेरो खाँचो तँ । चुपचाप मानिस् भने ठिकै छ नत्र भोलिदेखि हली कान्छासँग सल्केकी भनेर तँलाई घरनिकाला गर्छु बुझिस् । हली कान्छो राति तेरो कोठीबाट निस्केको दस जनालाई देखाउन सक्ने तागत छ ममा । हली कान्छासँग तेरो जोडी बाँधेर गाउँ कटाएको खबर सुनेर तेरो पोइ उतै झुन्डिएर मर्ने छ अनि । (पृ. २३)

उद्धृत साक्ष्यमा प्रभुत्व हासिल गर्नका लागि प्रयुक्त दमनात्मक शैली उद्घाटित छ । उजेलीको जेठाजुले प्रभुत्व विस्तारका लागि दमनको शैली प्रयोग गरी उजेलीलाई नियन्त्रणमा लिने प्रयत्न गरेको छ । पितृसत्ता सत्तासम्बन्धमा आधारित समाजमा महिलामाथि वर्चस्व राख्दै दमन गर्ने प्रणाली हो । समाजमा

महिलालाई अधीनस्थ र पुरुषलाई दमनकारी बनाउने व्यवस्थासँग पितृसत्ता सम्बन्धित छ (ढकाल, २०८१, पृ. ६८-६९) । उल्लिखित कथांशमा उजेलीको जेठाजु पितृसत्ताद्वारा निर्मित चरित्र हो । आफूमाथि हिंसा भएको बोध भएपछि ढोकामा आग्लाको प्रयोग गरेर प्रतिरोधको प्रयत्नमा अघि बढेकी उजेलीमाथि धम्कीको भाषा प्रयोग गरी जेठाजुले वर्चस्व विस्तार गरेको छ । उसको अभिव्यक्तिमा नारीलाई भोगको साधनका रूपमा व्याख्या गरिएको पाइन्छ । षड्यन्त्रको तानाबाना बुनी भविष्यलाई पूर्ण रूपमा अन्धकार बनाइदिने चेतावनीको भाषा प्रयोग गरी जेठाजु पात्रले पितृसत्ताको अभ्यास गरेको छ । उसले पितृसत्ताको शक्तिका धरातलमा अडिएर लैङ्गिक प्रभुत्वको दमनात्मक शैलीलाई बलियो बनाएको छ । त्यही शक्तिका पृष्ठाधारमा उसले उजेलीमाथि प्रभाव जमाएको छ ।

**प्रभुत्वको अवस्था**

घुम्से गाउँको प्रकृति चित्रण गरी प्रस्तुत कथाको थालनी गरिएको छ । यस कथामा प्राकृतिक बिम्ब तथा प्रतीकको प्रयोग गरी त्यस गाउँका नारीले बेहोर्नु परेको उत्पीडनको अवस्था चित्रण गरिएको छ । यसमा प्रकृतिमा देखिने निरन्तर परिवर्तनको प्रक्रियालाई नारीको वेदनाका सादृश्यमा हेरिएको छ । कथामा प्रवेश गर्दा, पतिको अनुपस्थितिमा आफ्नै जेठाजुले उजेलीलाई भोगको साधन बनाएको छ । पितृसत्ताको अस्तित्वसँग लड्ने सामर्थ्य जुटाउन नसक्दा आहत बनेकी उजेली मानसिक रूपमा विक्षिप्त बनेकी छे । प्रकृतिमा भेटिएका जुकाहरूको बाहिरी डसाइको सामना गर्न समर्थ भए पनि पितृसत्ताका पक्षपोषक पुरुष जुकाहरूको आक्रमण सहन उजेलीको क्षमताले भ्याएको छैन । पुरुष प्रभुत्वको प्रताडनाका कारण उजेली मानसिक रूपमा शिथिल बनेकी छे । उसको मानसिक थकान प्रस्तुत गर्ने क्रममा कथाकारले निम्नलिखित कथांश अघि सारेकी छिन् :

छातीभित्र बलैले दबाएर राखेका असीमित पीडाका कारण उज्यालो भइसक्दा पनि अँध्यारिइ नै रहेकी उजेली छेवैमा रहेको रित्तो डोकोसँगै टोलाइरहेकी छ । ...त्यो रित्तो डोकोका असङ्ख्य आँखा गन्न मन लागेको छ आज उसलाई तर अहँ गन्न सकिरहेकी छैन, जसरी आफ्नो पर्खाइका अपरिमित पलहरू गन्न सकेकी छैन । फाटेर चुँडिनै लागेको नाम्लोजस्तै लाग्न थालेको छ अचेल उसलाई आफ्नो आस्था, विश्वास अनि भरोसा । त्यसैले त उसले नयाँ नाम्लोको चाहना अनि माग पनि गरेकी छैन । ऊ त चाहन्छे चुडियोस् सदाका लागि त्यो नाम्लो अनि फुक्का होओस् कष्टकर दायित्वको भारीबाट आफ्नो थाप्लो । सोचाइका सानाठुला अनेक भँगालामा भासिँदै जान्छे उजेली । दाहिने गोडामा गाडिएको जुकाले पेट भरेर कति खेर बाटो तताएछ, उसले पत्तै पाइन ।

त्यहाँबाट भलभली रगत बग्न थाल्यो । रगतको त्यो भलमा उसले आफ्ना प्रिय सपनाहरू बगेको देखी । चिलाइ र दुखाइको छटपटाहटमा उसले अधिकांश रातका अव्यक्त पीडाको आभाष गरी । (पृ. २२)

उद्धृत साक्ष्यमा उजेलीको अधीनस्थ अवस्था प्रकटित छ । यसमा पितृसत्ताले विस्तार गरेको प्रभुत्वद्वारा सिर्जित उत्पीडन अभिव्यक्त भएको पाइन्छ । घरपरिवारको संरक्षणमा उजेलीलाई छोडेर वैदेशिक रोजगारीमा मलेसिया गएको उजेलीको पति उसले बेहोर्नु परेको अधीनस्थ अवस्थाको कारण बन्न पुगेको छ । पतिको अनुपस्थितिमा जेठाजुले उसलाई भोगको साधनका रूपमा प्रयोग गरेको छ । जेठाजुबाट हरेक रात भोगिनुपर्दा सिर्जित उजेलीको अवस्था उल्लिखित दृष्टान्तमा उद्घाटित छ । संरक्षकबाटै भोगिनुपर्दा उजेलीमा उत्पन्न मानसिक तनावको अवस्था चित्रण गरिएको यस प्रसङ्गमा लैङ्गिक प्रभुत्वको परिणतिलाई प्रस्टयाइएको छ । यसमा चुँडिन लागेको नाम्लोका सादृश्यमा उजेलीको अवस्थालाई हेरिएको छ भने नाम्लाको भारलाई पितृसत्ताद्वारा सिर्जित उत्पीडनका बिम्बमा बोध गरिएको छ । उजेलीले नाम्लो चुँडिएपछि भारीको भार अन्त्य भएजस्तै जीवनमा आइलागेका कठिनाइ पनि अन्त्य हुनुपर्ने अभिलाषा प्रस्तुत गरेकी छे, जसमा उसको अधीनस्थ अवस्था प्रतिबिम्बित भएको पाइन्छ । यस कथांशमा उत्पीडित उजेलीको अवस्था चित्रण गरी लैङ्गिक प्रभुत्वको चरित्र उद्घाटन गरिएको छ ।

वनजङ्गलबाट घाँसदाउरा ल्याउने दैनिकीसँग जोडिएकी उजेलीले प्राकृतिक रूपमा शरीरको रगत चुस्न आउने जुकाहरूलाई भगाउन नुन र टिमुरको धुलो प्रयोगमा ल्याएकी छे । हरेक रात उसको शरीरसित खेल्न पल्किएको जेठाजुलाई उसले त्यस्तै जुकाको संज्ञा दिएकी छे । उसले जुकोजस्तै जेठाजु पनि शरीर चुस्न उसको शरीरमा सल्किएको बोध गरेकी छे । प्राकृतिक जुकाहरूलाई भगाउन नुन र टिमुरको धुलो प्रयोगमा ल्याएजस्तै मानवरूपी जुकाको अन्त्यका निम्ति त्यस्तै औषधी खोजी गर्ने विद्रोही विचार उजेलीका मानसमा उत्पन्न भएको छ । उजेलीले विद्रोही विचार मनमा ल्याए पनि त्यसलाई व्यवहारमा उतार्न भने सकेकी छैन । हरेक रात कोठामा प्रवेश गरी जुनेलीलाई उसको जेठाजुले यौनशोषण गरेको प्रसङ्ग प्रस्तुत गर्ने क्रममा कथाकारले लेखेकी छिन् :

निष्पट्ट अँध्यारोमा ढुकढुक गरिरहेको मुटु सिरानीले थिचेर शान्त पार्न खोज्दै गर्दा घुरुक्क दैलो खुल्छ । एउटा छाया भित्र पसेर आग्लो लगाउँछ । पलभरमा नै उसका चाहनाको आवरण च्यातिएर धुजा धुजा हुन्छ । प्रतिकारको प्रयास पनि व्यर्थ हुन्छ अनि ऊ सदाझैँ लासमा परिणत हुन्छे । एउटा जिउँदो लास । त्यही

लाससँग मन लागुन्जेल खेलेर तृप्त भएपछि परम आनन्दको डकार फाल्दै त्यो छाया बिरालोको चालमा बाहिरिन्छ । त्यो लास भररात मरिरहन्छे अनि मिर्मिरेमा भालेको डाकोसँगै ब्युँतिएर पुनः बाँचेको अभिनय गर्दछे । (पृ. २२)

प्रस्तुत साक्ष्यमा उजेलीको अधीनस्थ अवस्था उद्घाटन गरिएको छ । यसमा पुरुषको भोगवादी प्रवृत्तिका कारण नारीले बेहोर्नु परेको उत्पीडनलाई प्रस्टचाइएको छ । वैदेशिक रोजगारीका क्रममा श्रीमान् मलेसिया गएको अवस्थालाई अवसरका रूपमा प्रयोग गरी उजेलीको जेठाजुले उसलाई प्रत्येक रात शारीरिक शोषण गरेको छ । पितृसत्ताको आड लागेर जेठाजुले उजेलीलाई शारीरिक शोषण गरी आफ्नो नियन्त्रणमा लिएको छ । जेठाजु र उजेलीको सामाजिक पृष्ठभूमि एउटै भए पनि उजेली भने असुरक्षित बन्न पुगेकी छे । पुरुष भएर जन्मिएकै आधारमा पुरुषले शासक बनी महिलामाथि शासन गरिरहेको हुन्छ तर महिला भएकै आधारमा महिलाले शासित र शोषित भएर शोषण तथा अन्याय सहन बाध्य बन्नुपर्छ (खनाल, २०८०, पृ. ३०-३१) । सामाजिक मर्यादालाई पृष्ठभूमिमा राख्नुपर्ने बाध्यताका कारण उजेलीले विद्रोहको आवाज अघि बढाउन सकेकी छैन । पितृसत्ताद्वारा निर्देशित सामाजिक शासन व्यवस्थालाई आफूअनुकूल प्रयोग गरी जेठाजुले उजेलीमाथि प्रभुत्व कायम गरेको छ । उजेलीको अधीनस्थ अवस्थामा लैङ्गिक प्रभुत्व प्रतिबिम्बित भएको पाइन्छ ।

लैङ्गिक उत्पीडनका कारण मानसिक रूपमा विक्षिप्त बनेकी उजेलीमा जटिल मनोग्रन्थि निर्माण भएको छ । उसले आफूमा उत्पन्न भएको पीडालाई बेवास्ता गरेकी छे । यस परिस्थितिमा उजेली स्वपीडक देखिएकी छे । जङ्गलमा घाँस लिन सँगै गएकी बेलीले उजेलीलाई जुकाले टोकेको देखेपछि नुनटिमुरको धुलो छरिदिएकी छे । उसले रगत बगेको ठाउँमा झार माडेर लगाइदिने तथा पटुकाको छेउ च्यातेर बाँधिदिने काम पनि गरेकी छे । शरीरमा जुकाको प्रवेशका कारण रगत बगे पनि उजेलीले भने त्यस कुराको बेवास्ता गरेकी छे । यस्तो अवस्था देखेपछि उसकी साथी बेलीले आश्चर्य प्रकट गरेकी छे । बेलीसँग उजेलीले बाँच्ने मन नभएको, पीडा कसैले नबुझेको, समाजका कारण पीडा प्रकट गर्न नसकेको, मर्न मन लागेको मानिसका शरीरबाट रगत बग्नु सामान्य विषय भएको आदि विचार व्यक्त गरेकी छे । पीडाको भारी बोकेर बाँचेकी उजेलीको वास्तविकता बुझ्ने प्रयास कतैबाट भएको छैन । उसकी सासूले त उसलाई घर गरेर खान नसक्ने नारीका रूपमा परिभाषित गरेकी छे । उजेलीले कस्तो अवस्थामा कार्यभार सम्हालेर अघि बढ्नुपरेको छ भन्ने विषयमा कुनै कोणबाट नियाल्ने प्रयत्न गरिएको देखिँदैन । पीडामिश्रित उसको प्रस्तुतिका प्रति प्रश्न मात्र सिर्जना गरिएको छ । पितृसत्ताको

प्रभुत्वका कारण मानसिक रूपमा शिथिल बन्न पुगेकी उजेलीको अधीनस्थ अवस्था चित्रणका क्रममा कथाकारले लेखेकी छिन् : "उसको मानसपटलमा जुकैंजुका सल्बलाउन थाले । आफू रगतको आहालमा डुबेको अनुभव गरी उसले एक्कासि चिच्याई, 'कति सहनु ? अब सहन्नँ । जुको आउने बाटै थुनिदिन्छु । मैले टोक्न नदिने हो भने कसरी टोक्दो रहेछ ?' खुट्टातिर तानिएको जुकालाई हँसियाले हुत्याएर ऊ अघि बढी" (पृ. २३) । उद्धृत दृष्टान्तमा उजेलीको अधीनस्थ अवस्था प्रकटित छ । लैङ्गिक प्रभुत्व उसको अधीनस्थताको कारण बन्न पुगेको छ । अधीनस्थ बन्नुको पीडाबोधले उजेलीका मानसमा प्रतिरोधी विचारको जन्म भएको छ । त्यही प्रतिरोधी विचारलाई चरितार्थ गर्न उसले नुनटिमुर पिसी धुलो तयार पारेकी छे । प्राकृतिक जुकाका विरुद्धमा धुलो छरेर प्रतिरोध गरेजस्तै उजेलीले मानवरूपी जुकाको समूल नष्ट गर्न वैचारिक हतियारलाई अघि बढाउने प्रयत्न गरेकी छे । प्रतिरोधी विचार अभिव्यक्त गर्ने क्रममा उसले यसो भनेकी छे : "...सत्यनाश गर्छु अब म जुकाको । चुस्लास् त अब मलाई" (पृ. २३) । अधिक उत्पीडनका कारण उजेलीमा विद्रोहको विजारोपण भएको छ । Schep (2012) ले लैङ्गिक प्रदर्शनले सबै प्रकारका भेदभाव विरुद्धको सङ्घर्षमा एक शक्तिशाली उपकरणको भूमिका निर्वाह गर्ने विचार प्रस्तुत गरेका छन् (p. 872) । जेठाजुको शोषण विरुद्ध उत्रिनका निम्ति उसले प्रतिरोधको बाटो समातेकी छे । उसको प्रतिरोध शक्तिशाली रूपमा प्रकट भएको छ । उजेलीको अधीनस्थ अवस्था तथा प्रतिरोधी विचारमा लैङ्गिक प्रभुत्वको अवस्था प्रतिबिम्बित भएको पाइन्छ ।

**प्रभुत्व र प्रतिप्रभुत्वका बिचको द्वन्द्व**

जेठाजुको निरन्तर शारीरिक शोषणमा परेपछि त्यसबाट उम्किन उजेलीले ढोकामा आग्लो लगाउन थालेकी छे । आग्लोका कारण आफ्नो भोगको बाटो थुनिएपछि जेठाजुले उसलाई हली कान्छाको बात लगाएर गाउँनिकाला गर्ने धम्की दिएको छ । यी सबै घटनालाई पृष्ठभूमिमा राखी उजेलीका मानसमा विद्रोहको भाव जागृत भएको छ । किनारामा धकेलिएका नारी चरित्र बिस्तारै केन्द्राभिमुख हुने प्रयत्न गर्छन् (सुवेदी, २०७६, पृ. २१४) । दसैँको माहोल सुरु भएपछि गाउँभरि गुन्जिएको चण्डमुण्ड र महिषासुर मर्दिनीको गाथाले उजेलीको विद्रोही मानसिकतामा उत्प्रेरणा थपेको छ । कालीको मूर्ति देखेपछि उसका मानसमा विद्रोहको अस्वभाविक ज्वारभाटा उत्पन्न भएको छ । उजेलीमा उत्पन्न भएको विद्रोहलाई प्रस्तुत गर्ने क्रममा कथाकारले लेखेकी छिन् :

देवीका हातमा धारिलो त्रिशूल, खुँडा अनि काटिएको दैत्यको टाउको देख्दा ऊ रोमाञ्चित हुन्छे । लट्टा फिँजारेर लामो जिब्रो भिकेकी कालीले उसलाई सम्मोहित गर्छिन् । आफ्नो जिउभरि अदृश्य जुकाहरू

सल्बलाएर चिलेको पीडाको आभासमा ऊ चिच्याउँछे । 'या देवी सर्वभूतेषु शक्तिरूपेण संस्थिता' भन्दै उजेली पूजाका लागि राखिएको धारिलो खुँडा उठाएर हावाको वेगमा ओरालो झर्छे । गुजुल्टचाएको कपाल फिँजिन्छ । अनुहार क्रोधले रातो हुन्छ । मानिसहरू उसका पछि लाग्छन् तर समाउने आँट कसैले गर्दैनन् । उजेली छटाई भन्ने खबर गाउँभरि फिँजिन्छ । (पृ. २४)

प्रस्तुत प्रसङ्गमा उजेलीमा विकसित प्रतिप्रभुत्वको अवस्था प्रकटित छ । फुकोले भनेजस्तै उत्पीडन नै उजेलीमा विकसित प्रतिरोधको कारण बन्न पुगेको छ । विकसित समाजमा स्थापित पुरुष प्रधान संरचनाले नारीलाई पूर्ण रूपले अधीनस्थ बनाएपछि नारी भौतिक तथा मानसिक रूपले दमित र उत्पीडित बन्न पुगेका हुन् । आफूमाथि पितृसत्ताले गरेको यस्तो उत्पीडन र दमन विरुद्ध कालान्तरमा नारीहरूमा विद्रोहको उद्बोधन भएको पाइन्छ (पन्त, २०७८, पृ. ५१) । उजेलीमा जागृत विद्रोह प्रतिप्रभुत्वका रूपमा केन्द्रतर्फ अघि बढेको छ । उसको प्रतिप्रभुत्व त्यस समाजमा स्थापित पितृसत्ताको प्रभुत्वका विरुद्धमा अघि बढेपछि प्रभुत्व र प्रतिप्रभुत्वका बिचमा द्वन्द्वको अवस्था सिर्जना भएको छ । उजेलीमा विकसित विद्रोहलाई त्यस समाजको प्रभुत्वशाली वर्गले इन्कार गर्ने प्रयत्न गरेको देखिन्छ । उनीहरूले उजेलीको विद्रोहलाई दबाउनका निम्ति मानसिक सन्तुलन गुमाएको आरोप लगाएका छन् । मानसिक सन्तुलन गुमाई उजेली छटाउने अवस्थामा पुगेकी हो भन्ने भाष्य रचना गरी पितृसत्ता पक्षधरले प्रभुत्वको निरन्तरताको प्रक्रियालाई अघि बढाएका छन् । कथाको यस प्रसङ्गबाट प्रभुत्वशाली वर्गले प्रभुत्वको निरन्तरताका लागि प्रतिप्रभुत्वको अस्तित्वलाई कसरी निस्तेज पार्ने प्रयत्न गर्छन् भन्ने वस्तुतथ्य बोध गर्न सकिन्छ ।

दसैँको दुर्गापूजाको माहोलबाट उत्प्रेरित भई खुँडा लिएर प्रतिरोधमा उत्रिएकी उजेलीको स्वरूप देखी उसकी सासूले उसलाई खोल्साको भूतले समातेको आशङ्का व्यक्त गरेकी छे । आफूमाथि निरन्तर भएको शारीरिक शोषणका विरुद्धमा उत्रिएको दाबी गर्दै उजेलीले भने जेठाजुको हत्या गर्ने उद्घोष गरेकी छे । उसले तीन वर्षदेखि जेठाजुले आफूलाई निरन्तर रूपमा शारीरिक शोषण गर्दै आएको खुलासा गरेकी छे । पतिका अनुपस्थितिमा हलीसँग शारीरिक सम्पर्क राखी आफ्नो लोग्नेलाई दोषारोपण गरेको भनी उसकी जेठानीले भने उजेलीको अभिव्यक्तिको खण्डन गरेकी छे । परिस्थितिलाई थप प्रस्टचाउने क्रममा उजेलीले यसो भनेकी छे :

"तेरो सैतान पोइले कान भर्दैमा म हलीसँग लागेकी हुन्छु ? त्यै हली कान्छाको बात लगाएर गाउँनिकाला गरिदिन्छु भन्दै यसले मलाई लुटिरह्यो । बाहिरका यी जुकाको चुसाइभन्दा हजार गुना चुसाइ सहेँ तर अब सहन

सक्दिनँ" (पृ. २४) । उजेलीकी जेठानीमा पितृसत्तात्मक सञ्चेतना जागृत भएको पाइन्छ । पितृसत्ताको प्रभावका कारण उसले उजेलीको उत्पीडनलाई बेवास्ता गरेकी छे । के-कस्तो अवस्था भोगेर उजेली त्यस प्रकृतिको प्रतिरोधी अभिव्यक्ति प्रस्तुत गर्न अघि बढेकी हो भन्ने विषयलाई जेठानीले विश्लेषण गर्न सकेकी छैन । पितृसत्ताको प्रभुत्व सहेर बस्न बाध्य भए पनि जेठानीले उसको पतिलाई हरेक दृष्टिकोणबाट सही देखेकी छे । यस परिस्थितिमा पितृसत्ताको प्रभुत्व र उजेलीको प्रतिप्रभुत्वका बिचमा द्वन्द्व सिर्जना भएको छ ।

खुँडा बोकी पितृसत्ता विरुद्ध लड्न तयार भई मैदानमा उत्रिएकी उजेलीका नजिकमा पर्न त्यहाँ उपस्थित सबै डराएका छन् । कथाअनुसार, जेठाजुद्वारा हरेक रात आफू कसरी भोगिन बाध्य बन्नुपऱ्यो भन्ने विषयलाई उजेलीले सबैका सामु छर्लङ्ग पारेकी छे । जेठानीको पाठेघर फालेपछिका सबैजसो रात कोठामा विनासङ्कोच प्रवेश गरी जेठाजुले यौनशोषण गरेको प्रसङ्ग प्रस्तुत गरी उजेलीले आफ्नो अधीनस्थ अवस्थाको व्याख्या गरेकी छे । उजेलीले आफूमाथि भएको यौनशोषणको प्रस्टीकरण प्रस्तुत गरेपछि लोकलाजबाट बच्नका लागि जेठाजुले उसलाई प्रमाणविना नबोल्न चेतावनी दिएको छ । उसले उजेलीलाई चारपाटा मुडेर गाउँनिकाला गरी सजाय दिनुपर्ने जिकिर गरेको छ । हली कान्छासित लसपस गरेको भुटो आरोप लगाई जेठाजुले उजेलीलाई पतन गराउने प्रयत्न गरेको छ । त्यहीँ उपस्थित हली कान्छाले धम्की र प्रलोभनमा पारी उजेलीको जेठाजुले उसलाई भुटो बोल्न अभिप्रेरित गरेको बताएपछि उजेली विरुद्ध निर्मित षड्यन्त्रको पर्दाफास भएको छ । हली कान्छाको अभिव्यक्ति सुनी स्तब्ध भएका गाउँलेका सामु उजेलीले प्रतिरोधको शक्तिशाली आवाज अघि बढाएकी छे । उसले भनेकी छे : "अब त साबित भो होला नि यो राक्षस हो । बुहारीलाई बहिनी नमान्ने, छोरीचेलीको जिउमा आँखा गाड्ने यसलाई म छाड्दिनँ । मुक्त हुन्छु म यो अदृश्य जुकाबाट" (पृ. २४) । उजेलीद्वारा निर्मित प्रतिप्रभुत्व पितृसत्ताका विरुद्धमा गतिशील बनेको छ । यस कथांशमा अदृश्य जुकालाई पुरुषसत्ताद्वारा निर्मित प्रभुत्वको बिम्बका रूपमा बोध गर्न सकिन्छ । उजेलीको प्रतिरोधी विचारमा पितृसत्ताद्वारा निर्मित प्रभुत्व सङ्केतित छ । उजेलीले निर्माण गरेको प्रतिप्रभुत्वका पृष्ठभूमिमा प्रभुत्व र प्रतिप्रभुत्वका बिचको द्वन्द्वले अस्तित्व ग्रहण गरेको छ । उद्धृत साक्ष्यमा कथाकारले जुकालाई पितृसत्ताका पृष्ठाधारमा निर्मित पुरुष प्रवृत्तिको प्रतीकका रूपमा प्रयोग गरेकी छिन् । उनले नेपाली समाजमा स्थापित लैङ्गिक प्रभुत्वको अवस्थालाई उजागर गर्ने अभिप्रायले यस कथाको विषयवस्तु संयोजन गरेको देखिन्छ । कथाको शीर्षकले कथाकारको उद्देश्यलाई प्रस्ट पारेको छ । उजेली चरित्रलाई प्रतिरोधी नारीको दृष्टान्तका रूपमा प्रस्तुत गरी कथाकारले स्रष्टामानसको लैङ्गिक चेतनाको सबलता

उद्घाटन गरेकी छन् । आफ्नै बुहारीको यौनशोषण गर्ने जेठाजु चरित्रको प्रस्तुतिमार्फत यस कथामा नेपाली समाजमा व्याप्त लैङ्गिक हिंसाको अवस्था चित्रण गरिएको छ । यस कथाको शीर्षकले कथामा अभिव्यक्त प्रसङ्ग र विचारलाई सम्बोधन गरेको छ ।

## निष्कर्ष

साधना प्रतीक्षाद्वारा लिखित 'अदृश्य जुकाहरू' शीर्षकको कथामा पितृसत्ताका पृष्ठाधारमा लैङ्गिक प्रभुत्व निर्माण भएको छ । यसै पृष्ठभूमिबाट निर्माण भएको प्रभुत्व नै नारीको अधीनस्थ अवस्थाको कारण बन्न पुगेको छ । यस कथामा दमनात्मक तथा सहमतीय शैलीको प्रयोग गरी पुरुषसत्ताले प्रभुत्वको आधारभूमि तयार पारेर नारीलाई आफू अनुकूल प्रयोग गरेको छ । यसमा शारीरिक शोषणको उद्देश्यमा अग्रसर पुरुषसत्ताले प्रभुत्व हासिल गरी नारीलाई आफ्नो नियन्त्रणमा लिएको देखिन्छ । सामाजिक रूपमा नारीलाई प्राप्त हैसियतबाट च्युत गराउने मानसिक त्राससम्बद्ध विषय अघि बढाई पुरुषसत्ताले भोगको अभिलाषा पूर्ण गरेको पाइन्छ । शिक्षाका अभावमा पितृसत्तात्मक सङ्कथनको शासकीय अस्तित्वसँग लड्न नारीमा कठिनाइ उत्पन्न भएको छ, जसका कारण नारीले मानसिक तथा शारीरिक रुपमा उत्पीडित बन्नुपरेको छ । वैदेशिक रोजगारीका क्रममा पति विदेश गएको परिस्थिलाई अवसरका रूपमा उपयोग गरी उजेली पात्रलाई उसको जेठाजुले गरेको यौनशोषण तथा यस्तो शोषणका विरुद्धमा उजेलीले समयमै प्रतिरोधी कदम चाल्न नसक्नुलाई यसको दृष्टान्तका रूपमा लिन सकिन्छ । निम्न आर्थिक हैसियतका कारण विदेश पलायन हुनुपर्ने नेपाली समाजको वास्तविकता प्रकटित यस कथामा वैदेशिक रोजगारीको संस्कृतिका पृष्ठभूमिमा विकसित नारी असुरक्षाको अवस्था उद्घाटित छ । यसमा घरपरिवारभित्र अभिभावकका रूपमा परिचित पुरुष चरित्रबाटै नारीको अस्मिता लुटिने गरेको वर्तमान नेपाली समाजको यथार्थको अभिव्यक्ति पाइन्छ । प्रस्तुत कथामा शारीरिक शोषणका कारण मानसिक रूपमा विक्षिप्त बनेका नारीले प्रतिरोधको बाटो समाती पुरुषसत्ताको व्यवहार, प्रभुत्व र हैसियत खुलासा गर्न सक्ने वस्तुयथार्थको बोध गरिएको छ । उत्पीडनका कारण निर्मित नारीको प्रतिप्रभुत्व र पितृसत्ताको प्रभुत्वका बिचको द्वन्द्व प्रस्तुत गरी यस कथामा नेपाली समाजको लैङ्गिक प्रभुत्वको अवस्था, प्रक्रिया र चरित्र उद्घाटन गरिएको छ । यसमा पितृसत्तात्मक सङ्कथनको प्रयोग गरी पुरुषसत्ताद्वारा नारीको प्रतिप्रभुत्व निस्तेज पार्ने नेपाली समाजको चरित्र सार्वजनिक गरिएको छ । लैङ्गिक प्रभुत्वको कारण, प्रक्रिया र स्वरूपको अभिव्यक्ति पाइने यस कथामा

पितृसत्ताको चरित्रलाई प्रस्टचाइएको छ। यस कथाले पुरुषको भोगवादी मानसिकता नै लैङ्गिक हिंसाको कारण बन्न पुगेको वस्तुतथ्यलाई उजागर गरेको छ।

**सन्दर्भ सामग्रीसूची**


अर्याल, अम्बिका (२०८०). नेपाली स्रष्टाका समकालीन उपन्यासमा नारीवादी चेतना. अम्बिका अर्याल र जीवन श्रेष्ठद्वारा सम्पादित *प्रज्ञा उपन्यास विमर्श* (पृ.३०९-३३४). नेपाल प्रज्ञाप्रतिष्ठान ।

एटम, नेत्र (२०७९ माघ-२०८० असार). शिरीषको फूल उपन्यासमा प्रभुत्वशाली पुरुषत्व. *प्रज्ञा,* १२४ (२), ९६-१०८ ।

खनाल, शारदा (२०८० कार्तिक-चैत्र). पितृसत्तात्मक समाज र एकल महिला. *अस्मिता हाम्रो,* २ (१), ३०-३५ ।

गौतम, कृष्ण (२०७५). *मार्क्सवाददेखि उत्तरमार्क्सवादसम्म.* भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

घर्ती, दुर्गाबहादुर (२०८१). *सांस्कृतिक अध्ययन.* इन्डिगो इन्क ।

ज्ञवाली, विष्णुप्रसाद (२०७३). *सांस्कृतिक अध्ययन र विकलका उपन्यास.* तन्नेरी प्रकाशन ।

ढकाल, रजनी (२०८१). *लैङ्गिकता र नेपाली साहित्य.* भुँडीपुराण प्रकाशन ।

पन्त 'प्रतीक्षा', साधना (२०७८). *समकालीन नेपाली नारीआख्यानमा पहिचान र विद्रोह.* नेपाल प्रज्ञाप्रतिष्ठान ।

प्रतीक्षा, साधना (२०८१ फागुन). अदृश्य जुकाहरू. *मधुपर्क,* ६६५ (१०), २१-२४ ।

बरई, त्रिभुवन (सन् २०२३ जुन). अनुराधा उपन्यासमा लैङ्गिकता. *Tribhuvan University Journal,* ३८ (१), २७०-१८३ ।

भट्टराई, रमेशप्रसाद (२०७७). *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ.* भुँडीपुराण प्रकाशन ।

भुसाल, राजु (२०७८ साउन-२०७८ पुस). बन्दोबस्त कथामा सांस्कृतिक प्रभुत्व. *प्रज्ञा,* १२२ (२), १३३-१४३ ।

रिसाल, कौशिला (२०८०). *नेपाली कवितामा नारीचेतना.* नेपाल प्रज्ञाप्रतिष्ठान ।

शर्मा, अमृता (२०७९ माघ-२०८० असार). चेलीबेटीका बेग्लै कुरा निबन्ध सङ्ग्रहमा नारीउत्पीडन. *प्रज्ञा,* १२४ (२), ३०-४२ ।

सुवेदी, राजेन्द्र (२०६८/२०७६). समसामयिक नेपाली उपन्यास : सांस्कृतिक र सीमान्तीय अध्ययन. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतमद्वारा सम्पादित *रत्न बृहत् नेपाली समालोचना प्रायोगिक खण्ड* (दोस्रो संस्क.) (पृ.१९५- २२१). रत्न पुस्तक भण्डार ।

Budgeon, Shelley. (2014). The Dynamics of Gender Hegemony: Femininities, Masculinities and Social Change. *Sociology*, 48 (2), 317-334.

Johnson, Richard. (2007). Post-hegemony? I Don't Think So. *Theory, Culture & Society*, 24 (3), 95-110.

Schep, Dennis. (2012). The Limits of Performativity: A Critique of Hegemony in Gender Theory. *Hypatia*, 27 (4), 864-880.